# टिपिडी तालिम प्रति शिक्षकको दृष्टिकोण

त्रिभुवन विश्वविद्यालय, स्नातककोत्तर तह एम.एड.द्धितीय वर्ष
पाठ्यक्रम तथा मूल्याङ्कन विषय अन्तर्गत (**Ed CE 598**)को
आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनका
लागि प्रस्तुत

## शोधपत्र

शोधार्थी
**कमलप्रसाद न्यौपाने**
परीक्षा क्रमाङ्क : २१४००११
त्रि.वि.दर्ता नं. : १६६३२-९१
शैक्षिक वर्ष :२०६६/०६७

सुकुना बहूमुखी क्याम्पस
पाठ्यक्रम तथा मूल्याङ्कन विभाग
कोशीहरैँचा, मोरङ्ग
२०७३

टिपिडी तालिम प्रति शिक्षकको दृष्टिकोण कमलप्रसाद न्यौपाने २०७३

# प्रतिबद्धता

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत पाठ्यक्रम तथा मूल्याङ्क विभाग स्नातकोत्तर तह द्वितीय वर्षको (Ed. CE.598) को प्रयोजनका लागि प्रस्तुत **'टिपिडी तालिम प्रति शिक्षकको दृष्टिकोण'**शीर्षकको शोधपत्र प्रतिवेदन अर्को प्रयोजनको लागि कही कतै पेश नगरेको र अनुसन्धान कार्य अत्यन्त मौलिक रहेको प्रतिबद्धता व्यक्त गर्दछु ।

.................................

**कमलप्रसाद न्यौपाने**

एम.एड. दोस्रो वर्ष

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

मिति : २०७३/ /

त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धनप्राप्त

सुकुना बहुमुखी क्याम्पस

SUKUNA MULTIPLE CAMPUS

(स्नातकोत्तर तह कार्यक्रम)

कोसीहरैंचा, मोरङ ☏ ०२१-५४५६१७

KOSHIHARAINCHA, MORANG ☏ ०२१-५४५७१७

स्था.: २०४८फ्याक्स : ०२१-५४५७१७

(विश्वविद्यालय अनुदान आयोग बाट QAA प्राप्त) सूचना बोर्ड सेवा १६१८०२१५४५७१७

E-mail: sukunac@yahoo.com

Web site: www.sukuna.edu.np

पत्र सङ्ख्या

चलानीनम्बर

---

**विषय : मूल्याङ्कनका लागि शोधपत्र सिफारिस गरिएको सम्बन्धमा ।**

श्री शोधपत्र मूल्याङ्कन समिति

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

सुकुना बहुमुखी क्याम्पस

कोसीहरैंचा, मोरङ

उपर्युक्त सम्बन्धमा यस क्याम्पसको शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर तह (M. Ed.) **पाठ्यक्रम तथा मूल्याङ्कन विभाग (Ed. CE. 598)** का विद्यार्थी **कमलप्रसाद न्यौपाने**ले **'टिपिडी तालिम प्रति शिक्षकको दृष्टिकोण'** शीर्षकको शोधकार्य मेरो प्रत्यक्ष निर्देशन र सुपरिवेक्षणमा गर्नु भएको र निजको शोधकार्य र शोध लेखनबाट म सन्तुष्ट रहेकाले उक्त शोधपत्र वाह्य मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

शोधपत्र समावेश गरिएको मिति : २०७३/ /

इश्वी.सम्बत् : 2016

..............................

नाम : ऋषिराज धिमाल

पद शिक्षण सहाय

शोध निर्देशक

त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धनप्राप्त
सुकुना बहुमुखी क्याम्पस
**SUKUNA MULTIPLE CAMPUS**
(स्नातकोत्तर तह कार्यक्रम)
कोसीहरैँचा, मोरङ ☏ ०२१-५४५६१७
KOSHIHARAINCHA, MORANG ☏ ०२१-५४५७१७
स्था.: २०४८फ्याक्स : ०२१-५४५७१७
(विश्वविद्यालय अनुदान आयोग बाट QAA प्राप्त) सूचना बोर्ड सेवा
१६१८०२१५४५७१७
E-mail: sukunac@yahoo.com
Web site: www.sukuna.edu.np

पत्र सङ्ख्या
चलानीनम्बर

---

**विषय : शोधपत्र मूल्याङ्कन गरी स्वीकृत गरिएको सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा सुकुना बहुमुखी क्याम्पसको शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर तह (M. Ed.)
**पाठ्यक्रम तथा मूल्याङ्कन विभाग (Ed. CE. 598)** का विद्यार्थी **कमलप्रसाद न्यौपाने**ले **'टिपिडी तालिम प्रति शिक्षकको दृष्टिकोण'** शीर्षकको शोधपत्र शोधनिर्देशक तथा सुपरिवेक्षक बाट वाह्य मूल्याङ्कनका लागि सिफारिस भई आएको हुँदा निजको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**मूल्याङ्कन समिति**

| क. स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री केशवराज भट्टराई | विभागीय प्रमुख | |
| २. | श्री ऋषिराज धिमाल | शोध निर्देशक | |
| ३. | श्री | वाह्य परीक्षक | |

वाहृय परीक्षण गरिएको मिति : २०७३/ /

इश्वी.सम्बत् : , 2016

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षशास्त्र सङ्काय सुकुना बहुमुखी क्यम्पस, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत स्नातकोत्तर द्वितीय बर्षको आंशिक आवश्यकता पूरा गर्नका लागि **'टिपिडी तालिम प्रति शिक्षकको दृष्टिकोण'** विषयमा शोधपत्र लेख्ने अवसर प्रदान गर्नु भएकोमा विभागीय प्रमुख केशवराज भट्टराई लगायत सम्पूर्ण पाठ्यक्रम तथा मूल्याङ्कन विभागप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

शोधपत्रको प्रस्तावनादेखि प्रतिवेदन लेखन कार्यसम्म आफ्नो अमूल्य समय, सहयोग, सल्लाह, सुझाव एवम् निर्देशनका साथै हौसला र प्रेरणा प्रदान गर्नु हुने आदरणीय गुरू शोध निर्देशकऋृषिराज धिमालज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु ।यसैगरी खोज अनुसन्धानमा प्रेरणा जगाउने तथा अनुसन्धान गर्न अवसर प्रदान गर्नुहुने सुकुना बहुमुखी क्यम्पसका सम्पूर्ण प्राध्यापकहरूप्रति हार्दिक कृतज्ञता दिन चाहन्छु ।

शोधपत्र तयार पार्ने क्रममा अवश्यक सूचनाहरू उपलब्ध गराउनु हुने अध्ययन क्षेत्रका नमुना छनौटमा परेका सम्वन्धीत विद्यालयका प्र.अ., शिक्षकहरू  र विद्यार्थीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । यस कार्यलाई सफल बनाउन प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा सहयोग गर्नुहुने साथीभाइ, सहकर्मी तथा सम्पूर्ण महानुभावहरूप्रति हार्दिकआभार प्रकट गर्दछु ।

प्रतिवेदन तयार पार्ने क्रममा आफ्नो व्यस्तताका बावजुद पनि पाण्डुलिपिलाई शुद्धाशुद्धी मिलाई सहयोग गर्नुहुने साथी वीरेन्द्र श्रेष्ठलाई विशेष धन्यवाद दिन चाहन्छु । कम्प्युटर टाईप तथा सेटिङ् गरी यस अवस्थामा तयारी गर्ने टिना कम्प्युटर खोर्सानेका भाइ यज्ञमणि निरौलालाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

कमलप्रसाद न्यौपाने

# शोधसार

टिपिडी तालिम प्रति शिक्षकको दृष्टिकोण नामक शोध शीर्षकमा गरिएको यस अनुसन्धान कार्यको मुख्य उद्देश्य टिपिडी तालिमप्रति शिक्षकको दृष्टिकोण, यसको आवश्यकता, यसको प्रयोगमा आएको समस्या र टिपिडी तालिमलाई प्रभावकारी बनाउने उपायको पहिचान गर्ने कुरामा केन्द्रित छ ।

प्रस्तुत अध्ययनलाई व्यवस्थित रुपमा अघि बढाउन आवश्यकता अनुसार परिमाणात्मक र गुणात्मक अध्ययन ढाँचा मिश्रित रुपमा प्रयोग गरिएको छ । नमूना विद्यालय र प्रअ.को छनोट उद्देश्य मुलक र शिक्षकको छनोट सम्भावनायुक्त नमुना छनोट विधिबाट गरिएको छ । यस अध्ययनको लागि पथरी स्रोतकेन्द्रमा पर्ने वयरवन गा.वि.स.का १२ वटा सामुदायिक विद्यालय मध्ये ४ वटा सामुदायीक विद्यालयका १/१ जना प्र.अ. र २/२ जनाका दरले जम्मा ८ जना शिक्षकगरी १२ जनालाई नमुना आकारको रुपमा लिएको छ । यस अध्ययनको लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्न प्रश्नावलीको प्रयोग, उनीहरुलाई भेला गराई छलफल र विद्यालयको अभिलेखबाट प्राप्त विवरण संकलन गरिएको छ । टिपिडी तालिम प्राप्त शिक्षकको यस अध्ययनबाट प्राप्त भएका प्राप्तिहरु निम्नानुसार छन् । टिपिडी तालिमले शिक्षकको पेशागत ज्ञान, सीपको विकास गर्ने ज्ञान,को पुनर्ताजगी गर्ने नयाँ विधि र प्रविधिको प्रयोग गर्न सहयोग गर्ने शिक्षकलाई पेशाप्रति जिम्मेवार बनाउने भएकाले यस तालिमप्रति शिक्षकको दृष्टिकोण सकारात्मक पाइयो ।

टिपिडी तालिम लिए पछि कक्षा शिक्षण प्रभावकारी हुने योजनाको निर्माण गर्न सहयोग गर्ने, शैक्षिक सामग्री प्रयोग गरी शिक्षण गर्न सहयोग गर्ने, शैक्षिक गुणस्तर वृद्धि गर्ने, बालकेन्द्रित शिक्षण विधिको प्रयोग गर्न सहयोग गर्ने पेशागत विकासलाई ज्ञान र अनुभवबाट निर्माणात्मक सुधार गर्न सहयोग गर्न मद्दत गर्ने भएकाले यस तालिमको आवश्यकता छ ।

टिपिडी तालिममा समय कम हुने तालिममा प्राप्त भएको ज्ञान, सीपलाई शिक्षणमा प्रयोग गर्ने शैक्षिक सामग्री नहुनु, शिक्षण सिकाइ प्रति विद्यार्थीको चासो कम हुनु, केन्द्रिकरण प्याकेज हुनु, शिक्षक स्वयमले समस्याको पहिचान गर्न नसक्नु, माग अनुसारको प्रशिक्षण नहुनु, प्रशिक्षक सहजकर्ता नभई प्रशासकको रुपमा उपस्थित हुनु, प्रभावकारी र निष्पक्ष अनुगमनतथा सुपरिवेक्षण नहनु यस तालिमका समस्या रहेका छन् ।

तालिम सञ्चालन गर्दा शिक्षकको मनोविज्ञान बुझेर सञ्चालन गरेमा माग अनुसार तालिम सञ्चालन गरेमा समयलाई बढाएमा, तालिममा प्राप्त ज्ञान, सीपलाई कक्षाकोठामा प्रयोग गर्ने

वातावरण भएमा, प्रभावकारी अनुगमन र निरीक्षण भएमा, कार्य सम्पादनको सही मुल्याङ्कन भइ राम्रो गर्ने शिक्षकलाई पुरस्कृतगरेमा यो तालिम प्रभावकारी हुने थियो ।

समग्रमा टिपिडी तालिम सम्पूर्ण तालिमको समष्टिगत रुप हो जसले कक्षाकोठाको शैक्षिक समस्या समाधान मात्र गर्दैन त्यहाँ उत्पन्न भएका अन्य समस्या समाधान गर्न पनि सहयोग गर्छ । यस तालिमले व्यवहारिकताको विकास गरी नरम सीपअनुसार शैक्षिक गुणस्तर वृद्धि गर्ने भएकाले यस टिपिडी तालिम प्रति शिक्षकको सकारात्मक दृष्टिकोण पाइन्छ ।

# बिषय सूचि


| | पृष्ठसङ्ख्या |
|---|---|
| प्रतिवद्धता | ख |
| सिफारिस पत्र | ग |
| स्वीकृति पत्र | घ |
| कृतज्ञता | ङ |
| शोधसार | च |
| तालिका सूची | ञ |
| सङ्क्षिप्त रुप | ट |
| **परिच्छेद एक : परिचय** | |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ८ |
| १.३ अध्ययनको औचित्य | १० |
| १.४ अध्ययनको उद्देश्य | १० |
| १.५अनुसन्धानात्मक प्रश्नहरू | ११ |
| १.६ अध्ययनको परिसीमा | ११ |
| **परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका** | |
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | १३ |
| २.२ अध्ययनको सैद्धान्तिक खाका | २० |
| २.३ अवधारणात्मक ढाँचा | |
| २.४ पुनरावलोकनको उपादेयता २३ | |
| **परिच्छेद तीन : अध्ययन विधि** | |
| ३.१ अनुसन्धानात्मक ढाँचा | २४ |
| ३.२ जनसंख्या | २४ |
| ३.३ नमुना छनौट विधि तथा नमुनाको आकार | २४ |
| ३.४ नमुना छनौटको आधार | २५ |
| ३.५ अनुसन्धान साधानहरू | २५ |

३.६ तथ्याङ्कको स्रोतहरू २६
३.६.१ प्राथमिक स्रोत २६
३.६.२ द्वितीय स्रोतहरू २६
३.७तथ्याङ्क संकलन प्रक्रिया २६
३.८ तथ्याङ्क विश्लेषण प्रक्रिया

## तालिका सूची

१. टिपिडी तालिम प्रति प्र.अ.बाट प्राप्त विवरण २७
२. टिपिडी तालिम प्रति शिक्षकहरुबाट प्राप्त विवरण २८

## २६परिच्छेद चार : नतिजाको प्रस्तुतीकर, छलफल र विश्लेषण


४.१ टिपिडी प्रति प्र.अ. तथा शिक्षकबाट प्राप्त विवरणको विश्लेषण २७

४.२ टिपिडी तालिम प्रतिको दृष्टिकोण २९

४.३ टिपिडी तालिमको आवश्यकता ३१

४.४ टिपिडि तालिममा देखा परेका समस्याहरू ३४

४.५ टिपिडी तालिमलाई प्रभावकारी बनाउने उपाय ३७

४.६ प्राप्ति तथा सारांश ४०

४.६.१ प्राप्ति ४०

४.६.२ सारांश ४०


## परिच्छेद पाँच : निष्कर्ष र सुझावहरू


५.१ निष्कर्ष ४२

५.२ सुझावहरू ४२

सन्दर्भ सामग्री

अनुसूचीहरू

# सङ्क्षिप्त रुप

| | |
|---|---|
| पा.वि.के | पाठ्यक्रम विकास केन्द्र |
| शै.ज.वि.के. | शैक्षिक जनशक्ति विकास केन्द्र |
| प्र.अ. | प्रधान अध्यापक |

# परिच्छेद एकः परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षण पेशाका वाहक शिक्षक हुन् । शिक्षण पेशा एक शैक्षिक सञ्चार र प्रविधि हो जुन विशिष्ट वौद्धिक अध्ययन र तालिममा आधारित छ । शिक्षणलाई प्राविधिक रुप दिन विषयवस्तुको ज्ञान र अनुभवले मात्र पुग्दैन त्यसमा शिक्षकमा विशेष प्रकारको योग्यता, क्षमता र तालिमको आवश्यकता पर्दछ । पेशागत दक्षताका लागि शिक्षण सीप र शिक्षक एक व्यावसायिक पेशा हो जसको उद्देश्य सीपयुक्त सेवा प्रदान गरी सिकारुमा स्थायी र व्यावहारिक परिवर्तन ल्याउनु हो । शिक्षक व्यावसायिक रुपमा दक्ष हुन वा उसमा पेशागत दक्षता हुन शिक्षण सीप शिक्षण योजना निर्माण र प्रयोग सम्बन्धी सीपका साथै कक्षाकोठामा समाहित शिक्षण गर्ने र शिक्षण पेसाप्रति सकारात्मक दृष्टिकोण हुन आवश्यक छ । कुनै पनि पेसामा दक्षता हासिल भएमा मात्र उद्देश्य प्रर्ति हुन सक्छ । आजको वैज्ञानिक युगमा नयाँ नयाँ कुराको आविष्कार भइरहेको हुन्छ र नयाँ नयाँ ज्ञान र सीपको वृद्धि भइरहेको हुन्छ । त्यसैले शिक्षकले आफ्नो विषय र पेशासम्बन्धी ज्ञान र सीपमा सवैले नवीनतम जानकारी राख्न जरुरी हुन्छ । शिक्षण पेशामा आउने समस्यालाई समाधान गर्न शिक्षकलाई तालिम र प्रशिक्षणको आवश्यकता पर्छ । शिक्षकको पेशागत वृद्धि गर्न शिक्षकहरूमा नवीनतम जानकारी दिइ उनीहरूमा ज्ञान, सीप तथा अभिवृत्ति बढाउन आवश्यक हुन्छ । पेशागत दक्षताका लागि शिक्षक स्वयं आफू आफ्ना आवश्यकता पूरा गर्ने तर्फ क्रियाशील हुनुपर्छ त्यसैले शिक्षकको कक्षा सम्बन्धी दक्षता, विद्यार्थी सम्वन्धी दक्षता, समुदाय सम्वन्धी दक्षता बढाउन विभिन्न प्रकारको तालिमको आदिको आवश्यकता पर्दछ ।

शिक्षकको पेशागत विकासका लागि शैक्षिक योग्यताको अभिवृद्धि गर्ने तालिम सञ्चालन गर्ने, गोष्ठि सेमिनार गर्ने, अन्तरक्रिया गर्ने, सहयोग प्रदान गर्ने, शिक्षण प्रविधिको प्रयोग गर्ने अनुभवको आदानप्रदान गर्ने विधुतीय सामग्रीको प्रयोग गर्ने, अनुगमन मूल्याङ्कन गर्ने जस्ता कार्य गर्नुपर्छ ।

पेशागत दक्षता प्राप्त गर्न सर्वोतम उपलब्धिकोलागि मिहिनेत गर्ने कार्य गर्नु अगाडि तयारी गर्ने, राम्रा पृष्ठपोषण ग्रहण गर्ने आदि कार्य गर्नुपर्छ । पेशागत दक्ष बन्न  चाहने व्यक्तिले अरुको सुझाव र प्रतिक्रियालाई स्वीकार गर्छ, तालिममा सहभागी हुन्छ । पेशागत दक्षताको लागि आफूलाई व्यवस्थित गर्ने, लक्ष्य निर्धारण कडा मिहिनेत गर्ने गर्छ, पेशागत दक्षता चाहने व्यक्तिले सिकाइलाई

प्रमुख प्राथमिकता दिन्छ, नयाँ प्राविधिक परीक्षण गर्छ । स्तर अभिवृद्धि गर्छ जस्ता कार्यहरू गरेमा शिक्षकको पेशागत विकास हुन्छ ।

आजको विज्ञान र प्रविधिको चुनौति पूर्ण युगमा शिक्षा प्राप्त गर्नु अपरिहार्य आवश्यकता हो । शिक्षा प्राप्त गर्नु मानवको नैसर्गिक अधिकार पनि हो शिक्षकको हुन्छ । शिक्षण कार्यलाई गुणस्तरीय, उपलब्धि पूर्ण बनाउन पनि शिक्षकको भूमिका महत्वपूर्ण हुन्छ । त्यसैले शिक्षक कार्यलाई प्रभावकारी, उपलब्धिपूर्ण बनाउन शिक्षकमा भएको ज्ञान, दक्षता, क्षमता मात्र भएर पुग्दैन त्यसको कक्षाकोठामा विद्यार्थीमाभ्फ प्रसारण गर्न पनि सक्नुपर्छ । आजको विज्ञान र प्रविधिको प्रतिस्पर्धात्मक युगमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्तिको प्रतिस्पर्धात्मक युगमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्तिको उत्पादन गर्नु र समाज र समय सुहाउँदो शिक्षा दिनु आजको आवश्यकता हो ।

शिक्षा मानव जीवनको अपरिहार्य आधारभूत तत्व हो,जसलाई प्राप्त गर्नु पाउनु आज हरेक व्यक्तिको नैसर्गिक अधिकार पनि हो । विद्यालय शिक्षालाई उपलब्धिपूर्ण र गुणस्तरिय बनाउन हरेक शिक्षक र उसको प्रभावकारी शिक्षणको ठूलो भूमिका रहन्छ । शिक्षा र शिक्षणकार्यलाई सार्थक र वास्तविक सावित गर्न शिक्षकमा बिषयवसस्तुको ज्ञान, धारण, क्षमता तथा विज्ञता भएर मात्र पुग्दैन । उसमा कुशल शिक्षण सीप र कैशलता हुनु पनि उत्तिकै आवश्यक छ । समयको गतिशिलतासंगै समाज परिवर्तित र जटिल बन्दैगईरहेको अवस्था छ । भ्फनै विज्ञान र प्रविधिको विकास तथा प्रयोगले मानव जीवनलाई धेरै हद्सम्म सरल र सम्वृद्ध सावित गरेतापनि यसले शिक्षा र शिक्षण कार्यमा थपचुनौति र जटिलता समेत स्थापित गरेको छ । समाजमा आएको परिवर्तनले तत्कालै जनमानसमा पनि परिवर्तन ल्याउने हुनाले बद्लिदो समाज सुहाउदो शिक्षा लिनु र दिनु आजको आवश्यता पनि हो ।

त्यसैले शिक्षा र शिक्षण कार्यलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुकुल जनमुखी र उपयोगी बनाउने उद्देश्यका अनुकुल राष्ट्रिय पाठ्यक्रममा निरन्तर समयसापेक्ष परिमार्जित गरिदै आईरहेको यथार्थत हामीसामु जगजाहेनै छ । यसरी समयको बिकासक्रमसंगै बिभिन्न प्रारुप र ढाँचामा बिकास गरिएको शैक्षिक कार्यक्रमका उद्देश्य, नीति र योजनाहरू जतिसुकै राम्रा र सार्थक भएता पनि तिनको प्रयोगक्षेत्र र कार्यन्वयनकर्ता विद्यालय र शिक्षक नै हुन् । शिक्षाको लक्ष्य र पाठ्यक्रमको भावनाअनुरुप प्रतिफल हाँसिल गर्न शिक्षकमा रहेका योग्यता, क्षमता र कौशलतालाई समयानुकुल नवीकण, अध्यवधिकरण एवं सवलिकरण गर्दै कक्षाकोठाको शिक्षणमा तात्विक परिवर्तन

ल्याई विद्यार्थीको सिकाई स्तरमा स्पष्ट सुधार ल्याउनु सफल शिक्षक र शिक्षाप्रणालीको अनिवार्य सर्तपनि हो(शै.ज.वि.के.,२०६६) ।

कुनै काम गर्ने व्यक्तिले हाल गरिहेको वा भविश्यमा गर्ने कामलाई प्रभावकारी ढँगले सञ्चालन गर्नका लागि आवश्यक पर्ने ज्ञान, सीप र धारणा विकास गर्ने प्रकियालाई निरन्तरता दिईरहनु पर्ने  हुन्छ, किनकी शिक्षण एक चुनौतिपूर्ण र प्राविधिक कार्यपनि भएकोले हरेक शिक्षकलाई समयानूकुल तालिमको आवश्यकता पर्दछ र तालिमको माध्यमद्‌ारा उनीहरूको ज्ञान बढाउने, सीप सिकाउने र धारण परिवर्तन गराउने जस्ता कार्यगर्नु सान्दर्भिक हुन्छ । त्यस्तै हरेक शिक्षकले अध्यनशिल, कर्तव्यनिष्ट भई शैक्षिक समस्याहरूप्रति संवेदनसिल बनि अब्वल सक्षमता हाँसिल गर्ने दिसातर्फ सदा कियासिल रहनु पर्ने र यसका लागि शिक्षकलाई समयसापेक्ष शिक्षक  तालिमहरूको अवसरहरू  सृजनगरि सहभागिता गराई शिक्षक तालिमको माध्यमद्‌ारा उनिहरूको वैयक्तिक उन्नति, वृत्ति विकास, क्षमता र कार्यशैलिमा प्रभावकारिता, मनोवल वृद्धि र पेसागत सक्षमता हाँसिल गराउनु पर्ने आवश्यक्‌ता विश्वव्यापी मान्यताको रुपमा चलिआएको अवस्था देखिन्छ ।

तालिम भन्नाले बिभिन्न बिषय सम्बन्धि गरिने छलफल र अन्तरकियात्मक कार्यशाला हो अर्थात व्यवस्थित रुपले दिईने सीपमूलक शिक्षा हो । त्यसैले शिक्षण सिकाईलाई प्रभावकारी बनाउनका लागि शिक्षकको ज्ञान, सीप र प्रवृत्तिमा परिवर्तन, प्रवर्द्धन गरि शिक्षकको  क्षमतामा बृद्धि गर्ने र शिक्षकको कार्यक्षमतामा बृद्धि एवं सुधार गर्ने कार्य तालिमका रुपमा लिने गरिएको छ ( के.सि.र अन्य,२०६७)। तसर्थ, शिक्षण पेशाका लागि पेशागत दक्षता अपरिहार्य आवश्यकता मानिन्छ । शिक्षकका लागि पेशागत दक्षता बृद्धि गर्न र सफल शिक्षक बन्न तालिमले ठूलो सहयोग गर्दछ । तालिमबाट प्राप्त ज्ञान, सीप र अभिवृद्धिलाई परिस्कृत र पुर्नताजगी गरि पेशागत कार्यमा निपुणता ल्याउन, शिक्षण सिकाई कार्य सरल र प्रभावकारी बनाउन, पेशागत दक्षता बृद्धि गर्न, सिकाईका उद्देश्यहरू पूरा गर्न द्रुत गतिमा भईरहेको अन्वेक्षण शैक्षणिक विधि र प्रविधिसंग परिचित गराउन र बालमनोविज्ञानको प्रयोग गर्न, शैक्षिक सामग्रीको निर्माण र प्रयोग गर्ने सीप विकास गर्न, विद्‌यार्थी सिकाई उपलब्धि मूल्याङ्कनका प्रभावकारी तरिकाहरू तथा शिक्षणमा आधुनिक एवं वैज्ञानिक प्रविधिहरू अपनाउन शिक्षक तालिमबाट प्राप्त ज्ञान, सीपले महत्वपूर्ण सहयोग पुऱ्याउदछ । अतः शिक्षकको पेशागत विकासका लागि निरन्तर रुपमा समायानुकुल शिक्षक तालिमको अवसरहरू सृजना गरि शिक्षकलाई सहभागि गराउनु पर्ने आवश्यक्‌ता रहेको देखिन्छ ।

नेपालमा शिक्षक विकास तथा तालिमको ऐतिहासिक विकासक्रमको चर्चा गर्दा विगत साढे छदशक अघि प्रारम्भ भई विभिन्न प्रकृतिका शिक्षक तालिमहरू निरन्तर रुपमा सञ्चालन हुदै आएको पाईन्छ । हुनत नेपालमा औपचारिक शिक्षाको शुरुवात वि.सं. १९१० मा दरवार स्कुलको स्थापना पश्चात भएता पनि सो पूर्व गुरुकुल शिक्षा, वौद्ध शिक्षा, लिच्छिवी कालिन शिक्षा र मल्लकालिन शिक्षा आदि प्रचलनमा थिए । वि.सं.२००७ सालमा प्रजातन्त्रको स्थापना हुनु अघि राणाकालिन अवधिमा वि.सं.१९९६ मा त्रिचन्द्र कलेज र केहि अन्य विद्यालयहरू स्थापना बाहेक खासै शिक्षामा उल्लेखनिय कार्य भएको पाईदैन । वि.सं.२००७ साल पछि नेपालमा विद्यालयहरू खोल्ने क्रमको तिव्रता संगै शिक्षक तालिमको सन्दर्भमा पनि केहि प्रयासहरू भएको पाईन्छ । जस अनुरुप वि.सं.२००४ सालमा स्थापित आधार शिक्षा अन्तर्गत आधार शिक्षक प्रशिक्षण केन्द्रबाट नेपालमा शिक्षक तालिमको प्रारम्भ भएको पाईन्छ । वि.सं.२००७ सालको परिवर्तन पछि आधार शिक्षा अन्तर्गतका विद्यालयहरू बन्द भए र यो केन्द्र स्वत निष्कृय रह्यो । वि.सं.२०१३ सालमा आधार शिक्षक प्रशिक्षण केन्द्रलाई नेपाल शिक्षक शिक्षणकेन्द्रमा परिणत गरि प्रवेशिका उत्तीर्ण अनुभवि शिक्षकलाई ३ महिने सघन तालिम दिने व्यवस्था गरियो । यसै गरि ने.रा. शि.यो.२०११ को सिफारिसमा वि.सं.२०१४ मा कलेज अफ एजुकेशनको स्थापनापछि पूर्वसेवाकालिन र सेवाकालिन शिक्षक तालिम संचलन भएको पाईन्छ । यसमा स्नातक उत्तीर्ण गर्न एक वर्षे, इन्टरमिडियट उत्तिर्ण गर्न दुई वर्षे, र एस्.एल.सी. उत्तिर्णका चारवर्षे कार्यक्रम संचालन गरियो । यसद्ारा शिक्षक प्रशिक्षणका लागि घुम्ति तालिमकेन्द्र, नर्मल स्कुल तालिम, शिक्षक शिक्षा तालिम व्यवसायिक प्रशिक्षण, दुर्गम क्षेत्र शिक्षक तालिम र महिला तालिम जस्ता कार्यक्रमहरू संचालन गरिएको पाईन्छ( पा.वि.के.,२०७०) ।

वि.सं.२०२८ सालदेखि प्रारम्भ भएको राष्ट्रिय शिक्षा पद्धति योजनाले शिक्षक तालिमलाई झनै औपचारिक र शिक्षक हुन तालिम अनिवार्य बनायो । नेपालमा प्रथम पटक शिक्षण पेशाका लागि प्राज्ञिक योग्यता र पेशागत योग्यता निर्धारण गरियो । जसमा प्रा. वि. शिक्षकका लागि एस.एल.सी., नि.मा. शिक्षकका लागि प्रविणता प्रमाणपत्र तह र मा. वि. शिक्षकका लागि स्नातक तह न्युनतम योग्यता निर्धारण गरियो । यी दुबै योग्यता प्राप्त व्यक्ति मात्र योग्य शिक्षक बन्न सक्ने नीति अवलम्वन गरियो । विद्यालय तहका लागि तोकिएको प्रागिक योग्यता साथै १० महिने तथा १ वर्षे पेशागत योग्यता अनिवार्य हुने व्यवस्था गरियो । तत्कालिन नीतिका बावजुत पनि योग्यता प्राप्त उमेद्वारलाई मात्र पूर्णरुपले शिक्षणमा भर्ना गर्न नसकिएको र पेशागत योग्यता विहीन सेवारत

शिक्षकलाई पनि अवकास दिन सकिने अवस्था पनि नरहेको पाईन्छ । यस्तै शिक्षक विकासको अभियानलाई निरन्तरता प्रदान गर्ने कमस्वरुप सन् १९८० देखि सेती परियोजना, प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, रेडियो शिक्षा शिक्षक तालिम, विज्ञान शिक्षा परियोजना जस्ता कार्यक्रमहरू सञ्चालन गरियो । जसअन्तर्गत १० दिने देखि २.५ महिनासम्माको शिक्षक तालिम सञ्चालन गरी तत्कालिन अवस्थामा अधिकाशं सेवारत शिक्षकहरू पेशागत योग्यता विहिन रहेकाले आधारभूत शिक्षण सीप प्रदान गरि शिक्षण सिकाई कार्यक्रमको न्युनतम गुणस्तर कायम गर्ने नीति अनुरुप उपरोक्त तालिम सञ्चालन गरिएको थियो ( शै.ज.वि.के.,२०७०) ।

त्यस्तै सन् १९९२ देखि शुरुवात भएको प्राथमिक शिक्षा विकास परियोजनाले प्राथमिक तहका र माध्यमिक शिक्षा परियोजनाले माध्यमिक तहका लागि १० महिने शिक्षक तालिमको आवश्यक्तालाई पुनरावृत्ति गरी यसलाई विस्तारितरुपमा सञ्चालनका लागि नीतिगत, सस्थागत, भौतिक र पाठ्यक्रम सामग्री एवं कार्यक्रमका पूर्वधार निमार्ण गरियो । बृहत शैक्षिक विकासको अवधारण अनुरुप सन्(२००१-२०१५) मा अवलम्बन गरिएको सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजनाले सन् २००९ सम्ममा ९९ प्रतिशत प्राथमिक शिक्षकलाई तालिम प्राप्त तुल्याई सक्ने लक्ष्य निर्धारण गरियो । जसअनुरुप तालिम नीति २००५ ले विद्यालय तहमा कार्यरत सम्पूर्ण शिक्षकहरूलाई १० महिने तालिम प्राप्त तुल्याउने नीतिको कार्यक्रम जारी गरियो । त्यस्तै शिक्षक शिक्षण आयोजन(२००२-२००९) र माध्यमिक शिक्षक सहयोग कार्यक्रम (२००३-२००९) मार्फत देशभरी विस्तारित रुपमा तालिम सञ्चालन गर्न एक्स्टेन्सीभ ट्रेनिङ नेटवर्क स्थापना गरि उक्त नीतिलाई कार्यक्रममा रुपन्तरण गरियो । फलस्वरुप २०६६ आश्विन भित्र स्वीकृत दरवन्दिमा कार्यरत सबै सेवाकालिन शिक्षक ९८.२% लाई १० महिने पेशागत योग्यता प्राप्त तुल्याउने लक्ष्य हाँसिल गर्ने कार्य सम्पन्न गरियो । बाँकी १.८% शिक्षकहरूलाई शैक्षिक जनशक्ति विकास केन्द्रद्वारा तालिम कार्यान्वयन निर्देशिका व्यवस्था गरि सबै प्रशिक्षक प्रशिक्षणका सहभागीहरूलाई प्रा.वि. तहको हकमा स्रोतकेन्द्र, नि. मा.र मा.वि.को हकमा अगुवा स्रोतकेन्द्र/ शै.ता.के.बाट दूरशिक्षा विधिमार्फत १० महिने सेवाकालिन शिक्षक तालिम अभिमुखीकरण गर्ने नीति व्यवस्था गरिएको पाईन्छ( शै.ज.वि.के.,२०७०) ।

शिक्षक तालिमको सञ्चालन र कार्यान्वयनको वर्तमान अवस्थामा विद्यालय क्षेत्रसुधार कार्यक्रम२०६६/२०६७) अन्तर्गत शिक्षकको पेशागत विकास कार्यकमको प्रभावकारी कार्यान्वयनको अवधारण स्वरुप शिक्षामन्त्रालयबाट २०६७/०९/०२ मा स्वीकृत शिक्षक विकास नीति निर्देशिका कार्यान्वयन भईरहेको स्थितिमा यस भन्दा अघिका शिक्षक तालिम शिक्षकको पेशागत विकासभन्दा पेशागत योग्यता पूरागर्ने उद्देश्यले १० महिने पेशागत योग्यता विकास केन्द्र तालिम कार्यान्वयन गर्नमा सम्पूर्ण स्रोत तथा प्रयासहरू प्रतिविम्वित भए । फलस्वरुप सरकारद्धारा सञ्चालित सेवाकालिन पेसागत योग्यता विकास तालिमले पेशागत योग्यता प्राप्त शिक्षकको संख्यामा उल्लेखनीय वृद्धि गराउन सक्षम रहेता पनि तालिमबाट प्राप्त  ज्ञान, सीप, र धाराणलाई तालिम प्राप्त शिक्षकद्धारा कक्षाकोठामा ५०% भन्दा माथि प्रयोग नभएको निक्कर्ष शिक्षक तालिम सम्बन्धि प्रभावकारिता अध्ययन(सेरीड, २००५) र(डि.ओ.इ.–२००६) को अनुसन्धानले जनाएकोछ । शिक्षाको पेशागत विकास र तालिमका सीप कक्षाकोठामा प्रयोगको प्रभावकारीता वृद्धि गर्न, विश्वव्यापी अभ्यास अनुसार भन्दा शिक्षक विकास मोडेलमा जोड र शिक्षकमा निहित ज्ञान तथा सम्पूर्ण क्षमताको उपयोगबाट विद्यार्थी उपलब्धि स्तर बढाउन थप र निरन्तर शिक्षकको पेशागत विकास गतिविधिहरू सञ्चालन गर्नु पर्ने आवश्यक्ता औल्याएको छ(शै.ज.वि.के.,२०७०) ।

टिपिडी कार्यक्रम विकास गर्दा हालसम्म नेपालभित्र र अन्य मूलुकहरूमा अभ्यासमा रहेका शिक्षक विकास सम्बन्धी अनुभव र अनुसन्धान प्रतिवेदनको सघन अध्ययन गर्दै विविध अभ्यासहरू सञ्चालनबाट प्राप्त अनुभवको सदुपयोग गरिएको छ ।

टिपिडी कार्यक्रमको खाका राष्ट्रिय/अन्तराष्ट्रियको सहकार्यबाट तयार गरी राष्ट्रिय स्तरमा दुइटा कार्यशालाबाट प्राप्त परामर्श, पृष्ठपोषणका आधारमा विस्तृतीकरण गरिएको हो । यसमा विभिन्न राष्ट्रिय व्यक्तित्वहरू प्राध्यापक, शिक्षक युनियन/संगठनका प्रतिनिधि/स्रोतव्यक्ति, प्रधानाध्यापकको सुझावहरू मूलतः यस दस्तावेजको मार्ग निर्देशकको रुपमा पाइन्छ । यो कार्यक्रम सात जिल्ला (झापा, भक्तपुर, मकवानपुर कैलाली, रुपन्देही, सुर्खेत र डडेलधुरा) को शेक्षिक तालिका केन्द्र स्रोतकेन्द्र मार्फत परीक्षण कार्य सम्पन्न प्राप्त अनुभव तथा सुझावहरूको उपयोग गरी साविकको मस्यौदा परिमार्जन गर्दै परिमार्जित पुस्तिका पून सम्बन्धित निकायमा पढाइ परामर्श र हौसला आर्जन गर्ने प्रयास गरिएको हो । यो टि.पि.डि.पुस्तिका आ.व. २०६६/०६७ देखि देशभर कार्यान्वयन गरिएको छ ।

वर्तमान नेपालका सामुदायिक विद्यालयका शिक्षकहरूले पेशागत विकासतलिममा केन्द्रित भई शिक्षक विकासका लागि कार्यान्वयनको चरणमा रहेको विद्यालय क्षेत्रसुधार योजनाले शिक्षकको पेशागत विकासका लागि नीतिगत व्यवस्था गरि टिपिडी कार्यकम अगाडि सारेको छ ।विद्यालय सुधार योजनामा उल्लेखित मुख्य नीतिगत पक्षहरूमा, सम्पूर्ण सेवाकालिन रुपमा पाँचवर्ष( अ.व.२०७०/२०७१) भित्रमा ३० दिन (तीन पटक १०/१० दिनको विभिन्न चरणमा) बराबरको पेशागत क्षमता विकासमा पहूँच सुनिश्चित गर्ने, शिक्षकको वृत्तिविकासका लागि प्रत्येक तहमा पेशागत तालिम (टिपिडी) मोड्युल योग्यता कार्यसम्पादन र जेष्ठतालाई आधार बनाउने,विशेष शिक्षा,वहुभाषिक शिक्षा,वहुकक्षा शिक्षणका लागि शिक्षाविभागबाट छनोट भएका शिक्षकको विशेष क्षमता विकासका लागि सघन तालिम सञ्चालन तथा सम्पूर्ण प्र. अ. को नेतृत्व क्षमता विकास सम्वन्धि सेवाकालिन तालिम सञ्चालन गर्न प्रत्येक वर्ष २०% को पहूच विस्तार साथै आधारभूत तहको हकमा १० महिने तालिम प्राप्त जनशक्तिलाई योग्यता वृत्तिका लागि कक्षा १२ को पाठ्यकम अध्यापन गराउने जस्ता नीतिगत व्यवस्थाका साथ कक्षाकोठामा प्रभावकारी शिक्षण कौशल अभिवृत्ति गर्नको लागि शिक्षक विकास गर्ने कार्यमा केन्द्रित रहि टिपिडी कार्यकम कार्यन्वयनको अवस्था अन्तिम चरणमा सञ्चालित भईरहेको छ(शै.ज.वि.के.,२०७०) । यसै कममा शै.व.२०७१/०७२ मा मोरङ जिल्लाको पथरी स्रोतकेन्द्र अन्तर्गतका सामुदायिक विद्यालयमा शिक्षण गर्ने शिक्षकहरूको पेशागत विकास तालिम कार्यान्वयन प्रतिको दृष्टिकोण वर्तमान अवस्था,प्रभावकारिता साथै कार्यन्वयनका सिलसिलामा देखिएका समस्याहरू र तीनको समाधानका उपायहरूलाई समेटि यो शोधप्रस्तावना तयार गर्ने प्रयास गरिएको छ ।

## १.२ समस्याको कथन

शिक्षक तालिम आवश्यकता केन्द्रित हुनु, तालिमपाठ्यक्रम र सामग्री सैद्धान्तिक र अव्यवहारिक हुनु, शिक्षक तालिमका नीतिहरू अस्पष्ट हुनु, प्रयोगात्मक र व्यावहारिक पक्षमा कम ध्यान दिनु, कार्य सम्पादन परिपाटी विल्कुलै अवैज्ञानिक र अव्यवहारिक हुनु अत्याधिक कार्यबोझ हुनाले तालिमका ज्ञान, सीप प्रयोगमा ल्याउन नसक्नु जस्ता कारणले टि.पि.डि.तालिमको कार्यान्वयनमा समस्या देखियो । सामुदायिक विद्यालयप्रति अभिभावकको विश्वास घट्दो छ । सामुदायिक विद्यालयको उपलब्धी स्तर न्युन स्तरको रहेको छ । शिक्षक तालिममा ठुलो धनराशी जनराशी र समय खेर गएको छ र तालिमबाट प्राप्त ज्ञान, सीप कक्षाकोठामा प्रयोगभएको गुन्जायस छैन त्यसैले पनि

टि.पि.डि.को प्रयोगको समस्या देखिएको छ । तालिमको पाठ्यक्रममा समावेश भएको विषय वस्तुलाई शिक्षकले आफ्नो पेशागत विकासमा प्रयोग गर्दै विद्यार्थीमा ज्ञान र सीप विकास गर्न सकुन भन्ने सरकारको नीति र सिद्धान्तलाई शिक्षकले विद्यालयको भौतिक समस्या एवम् जनशक्तिको अभावको कारण टि.पि.डि.तालिमको कार्यान्वयनमा समस्या देखिएकोले टि.पि.डि.तालिम प्रति शिक्षकको दृष्टिकोणलाई शोधपत्रको रुपमा प्रस्तुत गर्नु सान्दर्भिक ठानेको छु ।

शिक्षण कार्य प्राविधिक कार्य भएकोले प्रभावकारी शिक्षणका लागि शिक्षक तालिमको अनिवार्यता रहन्छ । तर हाम्रो विद्यालयको शिक्षामा तालिम प्राप्त शिक्षकको अधिकता रहे पनि त्यसले कक्षाकोठामा प्रवेश अपेक्षितरुपमा पाएको देखिदैन । वर्तमान शिक्षाको गुणस्तरको समस्या भनेको शिक्षणसिकाई प्रक्रिया प्रभावकारी नहुनु र तालिम प्राप्त शिक्षकले तालिमबाट सिकेका ज्ञान, सीपलाई प्रवृत्तिमुखी नबनाईनु पनि हो । शिक्षक तालिम वढि सैद्धान्तिक भएको, विद्यालय र शिक्षकको वास्तविक माग र आवश्यक्तासंग मेलनखाने प्रकृतिको भएकोले पनि शिक्षक तालिमको सहि प्रयोग हुन सकिरहेको छैन । शिक्षा व्याक्तिको समग्र विकासको अनिवार्य आधार हो । गुणात्मक शिक्षा दिनका लागि  गुणात्मक साधान,श्रोत र दक्षजनशक्ति अनिवार्य आवश्यत्ता हो । तसर्थ विद्यालयमा गुणात्मक शिक्षाका लागि योग्य, दक्ष एवं पेशाप्रति वफादार, निष्ठावान, तालिमप्राप्त शिक्षक हुनु पर्ने र स्वस्थ शैक्षिक वातावरणको अवस्था हुनु पर्दछ । सफल र सुयोग्य शिक्षक, शिक्षण सीप, कला र कौशलतायुक्त शिक्षक, व्यवहारवादि, निमार्णवादि र विद्यार्थीकेन्द्रित शिक्षण विधि कक्षाकोठा भित्र अवलम्वित शिक्षण हुनु आवश्यक छ । तर नेपालको वर्तमान शैक्षिक पद्धति गोष्ठि, सेमिनर, चिन्तन तथा तालिममा मात्र केद्रित भई सीमित रहेको पाईन्छ । तालिमद्ारा अभिमुखिकृत ज्ञान, सीप वास्तविक रुपमा कक्षाशिक्षणमा कार्यन्वयन नहुदा सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि स्तर अपेक्षित रुपमा सन्तोषजनक नरहेको अवस्था छ ।

सामुदायिक विद्यालयका शिक्षकहरूलाई दिईने शिक्षणकला सम्वन्धि तालिम शिक्षकको निजीप्रयोजनका निम्ति नभई विद्यार्थी सिकाई सुधार्नको लागि हो । अथार्त शिक्षक तालिम विद्यार्थीसम्म पुर्‍याउनु, उनीहरूलाई लाभान्वित तुल्याउनु, राज्य-समाजले सुम्पिएको नासो हो। शिक्षकले आफ्नो पेशागत प्रगति र लाभका निम्ति तालिमको उपयोग जति धेरै गरेका छन्, सिकाई उपलब्धि सुधार्नको निम्ति त्यतिनै कम उपयोग गरेका तथ्यहरू शिक्षक तालिम सम्वन्धि अनुसन्धानहरूले देखाएको छ । आखिर तालिममा सिकेका र सिकाईएका शिक्षण सीप कक्षाकोठासम्म किन पुग्दैनन् त ? यसो हुनुमा शिक्षकको योगयता, इमानदारिता, जोस-जाँगर, दक्षता, प्रवृत्ति,

नैतिक्ता आदि वाहेक विद्यालयको समग्र वातावरण, प्र.अ.,विद्यालय निरिक्षक, स्रोतव्यक्तिहरूको भूमिकाका अतिरिक्त स्वयं तालिमको प्रकृति र गुणस्तर कति जिम्मेवार छ ? के तालिममा सिकाईएका सबै सीप शिक्षकले सिक्न सकेका छन् ? के शिक्षकलाई तालिम दिने प्रशिक्षकहरू योग्य, उत्साहि, जाँगरिला र सीपालु छन् ? कतै तालिम आफै अधुरो र त्रुटिपूर्ण त छैन् ? अनि तालिम दिईसके पछि कार्यन्वयन सुनिश्चित गर्न आवश्यक साधन, श्रोत,मार्गनिर्देशन,अनुगमन,सुपरिवेक्षण,दण्ड,पुरस्कार आदि उपलब्ध गराने दायित्व कसैले निवार्ह गरेको छ कि छैन ? यी र यस्तै थुप्रौ प्रश्नहरूमार्फत वर्तमान शिक्षक तालिमको उपादेयता, अवस्था र चुनौतिहरू सम्बन्धी वहस,अध्ययन संवेदनसिलताका साथ समीक्षा गर्दै पाठ्यक्रमद्वारा निर्देशित सिकाई उपलब्धि प्राप्त गर्न, साथै शैक्षिक गुणस्तर अभिवृत्तिका निम्ति सबै सरोकारवाला, उच्च शैक्षिक योग्यता र तालिमप्राप्त शिक्षकहरू प्रभावकारी शिक्षणप्रति निष्ठातापूर्वक प्रस्तुत हुनु पर्ने र वर्तवान शैक्षिक प्रणालीमा समेत समयासापेक्षा आमूल परिवर्तन गरिनु पर्ने खाँचो रहेको पाईन्छ ।

## १.३ अध्ययनको औचित्य

टिपिडी तालिमले विषयगत रुपमा परिपक्व र पेशागत रुपमा दक्ष शिक्षकले नै शिक्षणको माध्यमबाट विद्यार्थीको सर्वाङ्गीण विकासमा सर्वोपरी कारकतत्वको भूमिका निर्वाह गर्न सक्दछ । शिक्षक भनेको एउटा पेशा हो र उसले कुशल र प्रभावकारी शिक्षण गर्न उक्त पेशासंग सम्वद्घ ज्ञान, सीप, साथै पेशागत गुण हुनु आवश्यक हुन्छ । त्यसैले शिक्षकको पेशागत विकासमा आधारित भई विगत देखि हालसम्म सञ्चालित, त्यसमा पनि कार्यान्वयनको अवधि अन्तिम चरणमा रहेको ( टिपिडी) तालिमको प्रभावकारिता कार्यान्वयनको स्थिति कहाँ र कस्तो अवस्थामा छ ? यसले शिक्षकलाई नयाँकुरा के दियो ? कि विगतको तालिमकै अवस्थामा सीमित छ ? यो टिपिडी तालिमले शिक्षकको प्रवृत्तिमा के परिवर्तन ल्यायो र सुधारयोग्य पक्षहरू के पाईयो ? जस्ता जिज्ञासाहरू निरुपण हुन आवश्यक र सान्दर्भिक ठाँनि यो अध्ययन अनुसन्धान कार्य शिक्षकको पेशागत विकास र यसको कार्यान्वयनको अवस्था शीर्षकमा आधारित भई वास्तविकताको पहिचान गर्ने अभिप्रायले गरिएको छ ।

यो अनुसन्धानत्मक अध्ययन प्रतिवेदन शिक्षक विकास तथा शिक्षा शिक्षणको क्षेत्रमा शिक्षकको पेशागत विकासको सन्दर्भमा सरोकार राख्ने सरोकारवाला, अध्ययनकर्ता, विद्यार्थी, यो

क्षेत्रमा अनुसन्धान गर्ने जो कोहिलाई केहिहद्सम्म सहयोग पुग्नेछ । त्यस्तै तालिमको प्यकेज निर्माता, सञ्चालनकर्ता, तालिम लिने-दिने व्यक्ति, निरिक्षक, स्रोतव्यक्ति, संस्था, पाठ्यक्रम निर्माता, र शिक्षासम्वन्धि सरोकार र चाँसो राख्ने सबैलाई यो अध्ययन प्रतिवेदन थोरै भएपनि सहयोग पुग्ने आशा गरिएको छ । साथै विद्यालयमा अध्यापनमा संलग्न शिक्षकहरूको पेशागत समस्या र तीनको समाधानको उपायहरूको खोजी गरी समाधान गर्न र भविष्यमा यस क्षेत्रमा अध्ययन अनुसन्धान गर्नेका लागि पनि यो अध्ययन प्रतिवेदन सहयोगी सन्दर्भ साधनको रुपमा रहने अपेक्षा गरिएको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) टिपिडी तालिम प्रति शिक्षकको दृष्टिकोण पत्ता लगाउनु ।

ख) टिपिडी तालिमको आवश्यकता पत्ता लगाउनु ।

(ग) शिक्षकको पेशागत विकास तालिमको कार्यन्वयनमा देखापरेको समस्याहरूकेलाउनु ।

(घ) शिक्षकको पेशागत विकास तालिम प्रभावकारी बनाउने उपायहरूको खोजी गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यस अध्ययनका लागि निम्नानुसारका खोज तथा अनुसन्धानात्मक प्रश्नावलीहरू तयार गरी प्रयोग गरिएको छ ।

(क) टिपिडी तालिम प्रति तपाइको दृष्टिकोण के छ ?

ख) टिपिडी तालिमको आवश्यकता के छ ?

(ग) टिपिडीकार्यक्रमले शिक्षकको पेशागत विकास तथा दक्षता अभिवृत्तिमा कस्तो प्रभावपारेको छ ?

(घ) टिपिडीकार्यक्रमले पेशागत  सीप र दक्षता  विकासमा कस्तो सहयोग पुर्‍याएको छ ?

(ङ) टिपिडीकार्यक्रमको प्रयोग र प्रभावकारीता साथै यसले शिक्षण पेशामा पुर्‍याएको सहयोगको स्थिति कस्तो रहेको छ ?

(च) टिपिडीकार्यक्रमले सामुदायिक विद्यालयमा गुणस्तरीय शिक्षाको लागि आवश्यक उपयुक्त वातावरण निर्माणमा कस्तो सहयोग गरेको छ ?

(छ) टिपिडी कार्यक्रम कार्यान्वयनमा देखापरेका वा सामना गरिरहेका समस्याहरू र चुनौतिहरू के के छन् ?

(ज) टिपिडीकार्यक्रमकार्यान्वयनमा देखापरेका समस्याहरू समाधानका लागि के कस्ता उपायहरू हुन सक्छन् ?

(झ) टिपिडीतालिम कार्यक्रमलाई ठोस रुपमा प्रभावकारी बनाउन के कस्ता कार्यहरू अवलम्वन गर्न सकिन्छ ?

(ञ) टिपिडीकार्यक्रमका सुधारयोग्य तथा सकारात्मक पक्षहरू के के हुन सक्छन् ?

## १.६ अध्ययनको परिसीमा

यस अध्ययनलाई शैक्षिक तालिम केन्द्रबाट सञ्चालित टिपिडी तालिम प्राप्त शिक्षकलाई मात्र सामान्यीकरण गर्न सकिन्छ, किन भने यस शोधपत्रले टि.पि.डि.तालिम प्रति शिक्षकको दृष्टिकोण, समस्या र समाधानको उपाय प्रस्तुत गर्दछ । यस कार्यक्रमबाट टिपिडी तालिम प्राप्त शिक्षकको तालिमको कार्यान्वयनमा देखा परेका समस्या र तिनको समाधान गर्न र टि.पि.डि.तालिमको प्रभावकारी कार्यान्वयनमा परिसीमित गरिएको छ ।

हरेक कार्यको आफ्नौ उद्देश्यअनुरुप प्रतिफलको अपेक्षा गरि निश्चित सीमाक्षेत्रभित्र आधारित भई कार्य सम्पन्न गर्ने गरिन्छ । यस्तै यस अध्ययनलाई ठोस, सार्थक, र उद्देश्यमुखी बनाई अपेक्षित लक्ष्यप्राप्त गर्न स्रोत र साधानको उपलब्धता, खर्च र समयसीमा, जनसङ्ख्याको वितणर, भौगोलिक अवस्थिति र सुचना सङ्कलनको सहजता जस्ता विविध पक्षलाई मध्यनजर गर्दै मोरङ जिल्लाको १६ वटा स्रोतकेन्द्र मध्ये पथरी स्रोतकेन्द्र अन्तर्गत रहेका गा.वि.स.हरूमध्ये वयरवन भित्ररहेका उच्च मा.वि., मा. वि., नि.मा.पि.र प्रा.वि. गरी १२ वटा सामुदायिक विद्यालयहरू मध्ये वयरवन गा.वि.स.का जम्मा ४ वटा विद्यालय एवं स्रोतकेन्द्र पथरी सो अर्न्तगत सम्वद्ध शिक्षक । प्र.अ.समेतलनई अध्ययनको स्रोतको रुपमा छनौट गरिएको छ । अध्ययनको स्रोतको रुपमा छनौट गरिएका विद्यालयको शिक्षकको पेशागत विकास सम्वन्धी विगत देखि हाल ०७१ सम्मका उपलब्ध शैक्षिक तथ्याङ्कलाई विश्लेषणको मुख्य आधार बनाएको छ ।  साथै यस अध्ययन पूर्णरुपमा शिक्षकको पेशागत विकास तालिम कार्यक्रम कार्यान्वयनको अवस्था, प्रभावकारीता अध्ययन, समस्या पहिचान र तीनको समाधानको उपायाहरूको लेखाजोखा कार्यमा परिसीमीत गरिएको छ ।

# पच्छिेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

श्रेष्ठ (२०६६) का अनुसार शिक्षकको पेसागत विकासको विश्व सन्दर्भमा शिक्षण पेसाप्रति योग्य र दक्ष व्यक्तिको आकर्षण बढाउने, प्रवेश पूर्व तयारी र प्रवेश पश्चात पेसागत दक्षताको विकास गर्ने तथा शिक्षण पेशामा प्रवेश गरेकालाई टिकाइ राख्ने जस्ता समस्या र चुनौती रहेको कुरालाई उल्लेख गर्नुको साथै शिक्षकको दक्षतालाई गरिबी निवारण, सामाजिक रुपान्तरणको बाहक, नैतिक चरित्र तथा सदाचार जस्ता गुणको विकास गरी समाजमा उत्पन्न हुने द्वन्द्व, हिंसाको निराकरण, स्वास्थ्य तथा सामाजिक सचेतना विकास गर्ने, लैगिक विभेद कम गर्ने, मानव अधिकार तथा बालअधिकारको संरक्षण गर्ने बाहकका रुपमा चित्रण गरिएको छ । साथै उक्त लेखमा बालमैत्री वातावरण सिर्जना गरी बालबालिकाको इच्छा, चाहना र आवश्यकता अनुसार शिक्षणलाई प्रभावकारी बनाउनु शिक्षकको जिम्मेवारी र दायित्व भएको कुरा उल्लेख छ । यसै लेखमा प्रस्तावित विद्यालय क्षेत्र सुधार कार्यक्रमले विद्यालयको संरचना, शिक्षकको योग्यता तथा सेवाकालीन तालिमको ढाँचामा लामो अवधिको सट्टा पेसागत दक्षता विकास गर्ने छोटो अवधिको मागमा आधारित तालिम दिने नीति लिएको कुरा उल्लेख गरिएको छ । नेपालको सन्दर्भमा शिक्षकको निरन्तर पेसागत विकासको हकमा विश्वमा प्रचलनमा रहेका र व्यवहार उपयोगी मोडेल तथा सूचना, संचार प्रविधिको अधिकतम प्रयोग हुने गरी स्रोतकेन्द्र तहमा मागमा आधारित तालिम दिने व्यवस्था हुनेछ । तालिम प्याकेज तथा सामग्री विकास, कार्यक्रम संचालन, निरीक्षण तथा अनुगमनको केन्द्र देखि स्थानीय तहसम्म समूचित प्रबन्ध मिलाइने छ । तालिमका लागि बजेट विद्यालयमा प्रबाह हुने र शिक्षकले आफूले चाहेको विषयमा ३० दिने तालिम ५ वर्षमा लिन पाउने संयन्त्रको विकास हुने कुरा उल्लेख छ (श्रेष्ठ, २०६६) ।

सिन्हा, (२०६६) का अनुसार शिक्षाको गुणस्तर मुख्य रुपमा शिक्षकको गुणस्तरमा भर पर्ने कुरा दर्शाउन खोजिएको छ । विषयवस्तुको ज्ञान, विद्यार्थी कसरी सिक्छन् भन्ने कुराको जानकारी र शिक्षण विधिको राम्रो जानकारी प्राप्त शिक्षकले मात्र विद्यार्थीको सिकाई उपलब्धिमा वृद्धि गर्न सक्छ । त्यसैले शिक्षकलाई राम्रो तयारी गरेर मात्र शिक्षण पेसामा प्रवेश गराउनु र निरन्तर रुपमा तिनीहरूको ज्ञान, सीप तथा अभिवृत्तिमा सुधार ल्याउनु उत्तिकै महत्वपूर्ण भएको कुरा उल्लेख गरिएको पाइयो । जसमा पेसागत विकासलाई जीवन पर्यन्त सिकाइ क्रियाकलापको रुपमा लिएको

पाइयो । भविष्यको शिक्षक सैद्धान्तिक, व्यवहारिक र समाहित शिक्षाको ज्ञान, सीप तथा धारणामा आफ्नो सम्पूर्ण समय बिताउन सक्ने, अभ्यास गर्न सक्ने हुनुपर्ने कुरामा जोड दिएको पाइन्छ । शिक्षकको पेसागत विकासमा विभिन्न देशहरूका लक्ष्यहरू फरकफरक देखिएतापनि चुनौति सामना गर्ने सबालमा समानताहरू पनि देखिएका छन्,जुन यस प्रकार छन् : शुरुवातको शिक्षक शिक्षा, पाठ्यक्रम र प्रशिक्षण विधिहरू, सेवाकालिन निरन्तर शिक्षा, दूरशिक्षक शिक्षा आदि । यसमा भविष्यका चुनौतिहरू जस्तै पेसागत विकासका लागि अविशिष्टीकृत भूमिकाहरू, पेसागत विकासका लागि पुँजीको व्यवस्था, जिम्मेवारी र जवाफदहीता साथै पेसागत विकासको सिद्धान्त र विकास बीचको असामन्जस्यता आदिको समेत व्याख्या गरी चुनौतीलाई अवसरमा रुपान्तरण गर्ने संयन्त्र विकास गरिएको देखिन्छ । जसमा केन्द्रीय सरकार, जिल्ला तह, विद्यालयहरू र शिक्षकहरूको अलग अलग भूमिकाको वर्णन गरिएको छ । यसमा अभिभावकको भूमिका कसरी प्रभावकारी बनाउने भनी सुझाव गरिएको छ । बालबालिकाको शिक्षा विकासका लागि अभिभावकलाई कसरी साझेदार बनाउन सकिन्छ त्यस बारेमा सुझाव प्रस्तुत गरिएको छ (सिन्हा, २०६६) ।

अधिकारी(२०७०/२०७१) का अनुसार शिक्षक विकास प्रयोजनका लागि विगतका वहूआयमिक प्रयासको परिणाम स्वरुप हालै शिक्षणसेवामा कार्यरत सबै शिक्षकलाई प्राज्ञिक र पेशागत दुबै योग्यता प्राप्त तुल्याई सकिएको र यस्तै योग्य एवम् शिक्षण अनुमति प्राप्त व्यक्ति मात्र शिक्षण पेशामा प्रवेश पाउन सक्ने व्यवस्था सुनिश्चित गर्ने प्रयत्न भएको र यस्तो योग्यता प्राप्त शिक्षकहरूलाई निरन्तर रुपमा पेशागत दक्षता नवीकरण गर्न, नियमितढंगले शिक्षक कार्यसम्पादन क्षमता सुधार गर्न तथा दैनिक अनुभवबाट सिकेका ज्ञानका आधारमा हमेसा समग्र पेशागत उत्कृष्ठता तर्फ डोऱ्याउने रोडम्याप स्वरुप शिक्षकको पेशागत विकास कार्यढाँचा विकास गरिएको हो भनि उल्लेख गरिएको छ ।

यस्तै हाल नेपालको सर्न्दभमा टि.पि.डि.का चरणमा रहेको शिक्षक समूहलाई पेशागत विकास सहायता प्रदान गर्ने मूल उद्देश्यका साथ विद्यालयमा आधारित शिक्षकको पेशागत विकास गतिविधि सञ्चालन, विद्यालय क्लस्टरका रुपमा स्रोतकेन्द्र/अगुवा स्रोतकेन्द्र/ शैक्षिक तालिमकेन्द्र स्थापना गरी कियाशिल तुल्याईएको साथै विद्यालय क्षेत्रसुधार कार्यक्रम अर्न्तगत विद्यालयमा आधारित व्यवस्थापन अवधारण सघन रुपमा कार्यन्वयन गर्ने नीति रहेका कुरा उल्लेख गरिएको छ । यस अवस्थालाई दृष्टिगत गरि विद्यालयतह र क्लस्टर दुवैबाट पेशागत सहायता प्रदान गर्ने समन्वयत्मक ढाँचाका रुपमा कार्यक्षेत्रमा आधारित शिक्षकको पेशागत विकास गतिविधि सञ्चालन

गर्ने गरि प्रस्तुत डिजाएन तयार गरिएको हो । यस कार्यक्रमले अवलम्बन गरिएका मुलभूत सैद्धान्तिक मान्यताका रुपमा, शिक्षकलाई स्वयत्ता रुपमा आफ्नो व्यवसायको लागि आफै मानकस्थापना गरि तिनैबाट आफू निर्देशित हुन स्वतन्त्र अनुभव प्राप्त हुने, असल शिक्षकले मैजुदा अनुभवलाई गहन अध्ययन र परीक्षण गर्ने बानि र आफ्नो साविकको कार्यसम्पादन सुधारका लागि हमेसा प्रयासरत रहने जस्ता व्यवहार अनिवार्य रुपमा अवलम्वन गरेको हुने,  सबै शिक्षकहरू आफुलाई आवश्यक पर्ने ज्ञान स्वयम्बाट रचना गर्ने अभियान अवलम्वन गर्ने र आफ्ना विद्यार्थीहरूलाई त्यस्तै अभ्यास र अनुभवका लागि तयार गर्न तत्पर रहन आदि सिद्धान्तहरू अवलम्वित गरिएको र यसले शिक्षकहरूको विषयवस्तुको ज्ञानमात्र बढाउनु भन्दा सकारात्मक प्रवृत्ति विकास गराई उनीहरूलाई निरन्तर स्वाध्ययन प्रति थप जागरुक, विद्यार्थीहरूको सिकाई उपलब्धिका लागि जवाफदेहि र समग्र विद्यालयको समुन्नतिका लागि योग्य तुल्याउन आजको मुख्य चुनौति रहेको र सो को प्रत्यभूतिका लागि प्रस्तुत मोडेल पेशागत विकास अभियन उपयोगी हुनेकुरा उल्लेखित रहेको पाईन्छ ।

शै.ज.वि.के. द्ारा प्रकाशित, शिक्षकको पेशागत विकास कार्यक्रम कार्यन्वयन पुस्तिका ( २०६६), मा शैक्षिक जनशक्ति विकास केन्द्रले सार्बजनिक क्षेत्रमा कार्यरत देशभरिका शिक्षक, शैक्षिक व्यवस्थापक, एवं प्रविधिज्ञहरूको पेशागत क्षमता सम्पूर्ण रुपमा अविवृद्धि गराई समग्र क्षेत्रको कार्यसम्पादन सुधारगर्ने अविभारा सफलतापूर्वक वहन गर्दै आएको र वि. सं. २०२८ देखि औपचारिक रुपमा प्रारम्भ भएको सेवाकालिन शिक्षकका लागि १० महिने प्रमाणीकरण तालिम सामुदायिक विद्यालयको स्वीकृत दरवन्दिमा कार्यरत सम्पूर्ण शिक्षकहरू (९८.२%) लाई प्रदान गरि देशमा प्राज्ञिक र पेशागत दुवै योग्यता प्राप्त शिक्षकहरूद्वारामात्र शिक्षण सेवा प्रदान गर्ने अवस्था सुनिश्चित गराउन सक्नु यस केन्द्रले प्राप्त गरेको उपलव्धिको ज्वलन्त उदाहण रहेको कुरा उल्लेख गरिएको छ ।

यस्तै शिक्षकमा रहेको योग्यता एवं क्षमतालाई समयसापेक्ष रुपमा नविकरण, सवलीकरण र अद्यावधीकरण गर्दै कक्षाकोठाको शिक्षणमा तात्विक परिवर्तन ल्याई विद्यार्थीको उपलव्धि स्तरमा स्पष्ट सुधार ल्याउनु सक्षम शिक्षा प्रणालीको अनिवार्य सर्तरहेको र यस तथ्यलाई दृष्टिगत गरि शिक्षकहरू आफैले आफ्नो आत्ममूल्याङ्कन गर्ने, कक्षाकोठा तथा शिक्षण जीवनमा आवश्यक ज्ञान,सीपमा पहूच हासिल गर्ने, नियमित स्वाध्ययन र पठन सस्कृति विकास गरी अर्थपूण अभ्यासमा सरिक हुने जस्ता विधिहरू मार्फत निरन्तर पेशागत विकास गर्ने प्रचलन विश्वव्यापीरुपमा

चलिआएको साथै यस कुरालाई ध्यानमा राखी शिक्षाक्षेत्रमा अग्रगामी सुधार गर्ने उद्देश्यले चालु आर्थिक वर्ष २०६६ देखि कार्यन्वयनमा रहेको विद्यालय क्षेत्रसुधार योजनाले शिक्षकको पेशागत विकासकार्यक्रम अक्तियारी गरी नीतिगत एवम् योजनागत व्यवस्था निर्दिष्ट गरेको छ भनि उल्लेख गरिएको छ । यस कार्यक्रमको शिक्षक विकास सम्बन्धि प्रावधान अनुरुप सामुदायिक विद्यालयमा कार्यरत सबै प्रकारका शिक्षकहरूले सेवाकालिन रुपमा सञ्चालित टिपिडी तालिम एक पटकमा १० दिन अवधिको शिक्षकको पेशागत विकास मेड्युल सञ्चालन गरी आगमी ५(२०७०/०७१  वर्षभित्र पटकपटक गरी तीन चरणमा एक महिना बराबरको शिक्षको पेशागत विकास कार्यक्रममा पहूच सुनिश्चित गर्न योजन एवं कार्यक्रम तर्जुमा भईरहेको र त्यसको उपलब्धिलाई शिक्षकको पेशागत वृत्तिविकाससंग आवद्ध गर्ने व्यवस्था रहेको, र प्रस्तुत टिपिडी डिजायनबाट सरकार, शिक्षक, अभिभावक, विद्यार्थी,विद्यालय व्यवस्थापन जस्ता फरक फरक रुचि समुहका सरोकारवालाहरूका विभिधितायुक्त आवश्यक्तालाई समाधानमा सहयोग गरी सन्तुष्ट तुल्याउन यो टिपिडी कार्यक्रम उपयोगि हुने र यस कार्यक्रम शिक्षकको व्यवसायिक जवाफदेहितामा बढोत्तरी गर्न, सिकारुको सर्वोच्चता सुनिश्चितीकरण गर्न, विद्यालय,श्रोतकेन्द्र, अगुवा श्रोतकेन्द्र र शै.ता.के. बीच स्वचालित सम्बन्ध स्थापना गर्न र लक्षित समुह केन्द्रित कुशलतायुक्त लगनि व्यवस्था गर्न जस्ता वहूआयमिक औचित्यहरू यस कार्यक्रममा रहेका र शिक्षक विकास कार्यक्रम नीतिको व्यवहारिक अनुवाद स्वरुप सामुदायिक विद्यालयमा कार्यरत सम्पूर्ण शिक्षकहरूमध्ये प्रत्यक बर्ष सरदर ६०% शिक्षकलाई १०/१० दिनको ३ पटक गरी ५ वर्षभित्र ३० दिन बराबरको मोड्युल प्रदान तालिम प्राप्त तुल्याउने नीतिगत व्यवस्था रहेको छ, जसबाट देशभरिका सम्पूर्ण सामुदायिक विद्यालयका विद्र्थीहरूले प्राज्ञिक एवम् पेशागत रुपमा योग्यता प्राप्त १ लाख ७० हजार भन्दा बढि सङ्ख्या रहेका शिक्षकहरूबाट शिक्षण सुविधा  हाँसिल गरिरहेका कुरा उल्लेख गरिएको पाईन्छ ।

शिक्षा विभाग (२०६६ ) ले २०६६ भदौ ४ मा स्वीकृत 'विद्यालय क्षेत्रसुधार योजना -२०६६' मा शिक्षकसंग सम्बन्धित सबै क्षेत्रको समानन्तर किसिमले विकास गर्ने र शिक्षक विकासको कार्यको लागि सरकार जिम्मेवार हुने, जसका लागि आवश्यक रकम सरकारले लगानि गर्ने कुरा उल्लेखित छ । शिक्षा क्षेत्रको अग्रगामी र संरचानात्मक सुधार गर्ने उद्देश्यले चालु आर्थिक वर्ष २०६६ देखि नै कार्यन्वयनमा रहेको विद्यालय क्षेत्रसुधार कार्यक्रम SSRP अन्तर्गत शिक्षक विकास सम्वन्धी विद्यमान उपलब्धिमा आधारित भएर आगामी दिनहरूमा समस्या समाधानमुखी एवम् प्रत्यक्ष रुपमा शिक्षण कार्य सम्पादन सुधार केन्द्रित शिक्षक विकास कार्यक्रम कार्यान्वयन गर्नु पर्ने नीतिगतख

व्यवस्था रहेको, यसै व्यवस्थामा आधारित भई नेपालका सामुदायिक विद्यालयका सम्पूर्ण शिक्षकहरूले आ.व. २०७०/२०७१ सम्ममा शिक्षकको पेशागत विकास कार्यक्रम तालिमको अवसर प्रप्त गरिसक्ने कुरा उल्लेख भएको पाईन्छ। शिक्षक स्वयमद्ारा पेस गरेका समस्या र सहायता आवश्यत्तामा आधारित भई विद्यालय र क्लस्टर दुबै तहबाट पेशागत सहायता प्रदान गर्ने ढाँचामा प्रस्तुत शिक्षक विकासको यो मडुललाई नेपालको सन्दर्भमा हालसम्मको उच्च अनुभव,उपलब्धि र लगनिको परिणाम स्वरुप सृजित डिजायन मानिएको र यस शिक्षकको पेशागत विकास कार्यक्रमलाई प्रभावकारी कार्यन्वयनका लागि देशभरका १ हजार ५३ वटा श्रोतकेन्द्रबाट आधारभूत तहका लागि र ४६ वटा अगुवा श्रोतकेन्द्र एवम् २९ वटा शैक्षिक तालिमकेन्द्रबाट माध्यमिक तहको समेत टिपिडी कार्यक्रम सञ्चालन हुने र प्रत्येक तालिम प्रदायक एकाईलाई टिपिडी हबको नामबाट परिभाषित गरिएको सन्दर्भ उल्लेख गरिएको छ।

शै.ज.वि.के. (२०७०) द्ारा प्रकाशित शिक्षकको पेशागत विकास (टिपिडी) कार्यक्रम प्रशिक्षक प्रशिक्षण निर्देशिका २०७० मा शिक्षकको पेशागत विकास डिजाइन विकासका आधारहरूका रुपमा शिक्षकलाई निरन्तर रुपमा पेशागत दक्षता नविकरण गर्न, नियमित तरिकाले शिक्षक कार्यसम्पादन गर्न क्षमतासुधार गर्न, दैनिक अनुभवबाट सिकेका ज्ञानका आधारमा हमेसा समग्र पेशागत उत्कृष्टतातर्फ डोऱ्याउन, शिक्षण सिकाइ प्रक्रियाका विश्वव्यापी चरणअन्तर्गत शिक्षकको पेशागत विकास कार्यक्रममा केन्द्रित शिक्षक तालिम मोडेल तयाार गरि कार्यक्रम सञ्चालित भईरहेको, विद्यालयमा आधारित शिक्षकको पेशागत विकास गतिविधि सञ्चालन गरि व्यवहारिक समस्या र पेशागत मूल्य मान्यतासंग आम शिक्षकहरूको सोझो सम्वन्ध स्थापित गर्न मदत पुऱ्याउने मोडेललाई उत्तम मानिएको, सबै विद्यालयहरू क्षमतागत रुपमा तयार भईनसकेको अवस्थामा विद्यालय क्लस्टर तहमा विद्यालय क्षमता वृद्धि विकास जस्ता गतिविधि सञ्चालन गरिएको, विद्यालय क्षेत्रसुधार कार्यक्रम अन्तर्गत विद्यालयमा आधारित व्यवस्थापनको अवधारण सघन रुपमा कार्यान्वयन गर्ने नीति रहेको रकार्यक्रमले आम शिक्षकहरूको बृत्तिविकासको लागि तयारी,योग्यता अभिवृत्ति,पेशागत विकास, शिक्षकको जवाफदेहिता वृत्तिविकास,विदयाल्य नेतृत्व, सस्थागत क्षमता विकासको प्रबन्ध जस्ता रणनीतिक कियाकलापहरूमार्फत अवलम्वित गरिएको,जसले शिक्षक विकासमा महत्वपूर्ण सहयोगपुऱ्याउने कुरा उल्लेख गरिएको छ।

सुनुवार (२०७०) ले तयार पार्नु भएको "टिपिडी तालिम अवसर र अप्ठ्यारा" नामक टिप्पणीमा टिपिडी तालिम शिक्षकको पेशागत विकाससँग जोडिएको, समय र परिस्थिति अनुसार

शिक्षण पेशासँग सम्बन्धित तथा वैयक्तिक सीप विकास गर्ने कार्य भएको जसले पेशागत भूमिकामा अभिवृद्धि गर्न, शिक्षकको दायित्व सक्षमता पूर्वक सम्पादन गर्नको लागि आवश्यक ज्ञान सीप र अभिवृद्धिको पूनर्ताजकीकरण, अध्यावधिककरण र पुनशक्तिकरण गर्न साथै निरन्तर सिकाइ अभ्यास र अनुभव लिइरहन अभिमुखिकृत गर्ने एउटा रणनीति सशक्त स्रोत हो भनी चर्चा गरिएको छ।

सामुदायिक विद्यालयका ९८.२% शिक्षकहरूले सेवाकालिन तालिम लिइसकेका तथापी शिक्षकबाट तालिममा सिकेका सीप र समग्रक्षमताको ५०% मात्र कक्षाकोठामा प्रयोग भएको विभिन्न अध्ययनको निष्कर्ष रहेको, यसबाट सेवाकालिन तालिमले शिक्षकलाई उल्लेखनिय रुपमा परिवर्तन गर्न नसकेको, बरु सरकारी लगानी खेर गएको तथ्य ठहर गरी शिक्षकलाई ताजा, अध्यावधिक र पुनर्जाग्रित गराउन टिपिडी तालिम कार्यन्वयनमा ल्याएको र यो तालिम शै.ज.वि.के.ले सामुदायिक विद्यालयका सवै तहका शिक्षकलाई २०६६/६७ देखि दिदै आएको छ। शिक्षकलाई कक्षाकोठामा आइपरेका विषयगत समस्या पेडागोजिकल समस्या र पेशागत समस्या समाधानका लागि स्वअध्ययन, अनुसन्धान, समालोचनात्मक चिन्तन, निर्माणवाद, अनुभव विनियम आदि माध्यम अपनाउदै शिक्षणमा आमुल सुधार ल्याई विद्यार्थीको शैक्षिक उपलब्धीमा बढोत्तरी ल्याउन पेशागत तालिम आवश्यक र सार्थक भएको साथै यसले शिक्षकको क्षमतालाई समय सापेक्ष नविनकरण सवलीकरण उर्जाशिल बनाउन सर्वोपरी भूमिका निर्वाह गर्ने ठहर लेखकको रहेको छ। साथै टिपिडी तालिमले शिक्षकमा आफ्नो समस्याको निराकरणको उपाय आफै खोज गरी विद्यार्थी उपलब्धीमा अपेक्षाकृत सुधार ल्याउन कार्यमुलक अनुसन्धान गर्ने, विद्यार्थीलाई गरेर सिक्ने पद्धति मार्फत प्रत्यक्ष अनुभवमा आधारित सिकाइ गराउन परियोजना कार्य गराउने, शैक्षिक समस्याको गहिराइमा पुगी कारण पत्ता लगाई उपायहरू सुल्झाउन घटना अध्ययन गर्ने सीप तथा दक्षताको विकास टिपिडी तालिमको प्रतिफल भएको र यसपछि शिक्षकहरूमा नयाँपनको आभास भई परिवर्तन हुन चाहने शिक्षकहरूमा 'अव म सिकाउन सक्छु' भन्ने आशा जगाएको छ , जोस र जागर थपेको छ भन्ने कुरा पुष्टी भएको तथ्य उल्लेख गरिएको छ।

यस्तै टिपिडी तालिम सञ्चालनमा सामाना गर्नु परेका अप्ठ्याराहरू अपरिभाषित खालकै रहेका, जस अर्न्तगत सहभागिहरूमा जोसजाँगरको सारै कमी रहेको, प्रशिक्षकले उत्प्रेरण जागृत गर्न नसकेको, शिक्षकहरूमा आफ्नो पेशागत समस्या के हो र तालिमबाट अपेक्षा गरिएका सहयोगको स्पष्टता वा विशिष्टिकृत कार्यमा अष्पष्टता रहेको, तालिम अवधि र विद्यालय स्थित गरिने स्वाध्ययन तथा परामर्श कार्य सैद्धान्तिक वा प्रकिया पूरा गर्ने कार्यमा मात्र केन्द्रित रहेको, व्यवहारिक

नभएको, मोड्युल निर्माण तथा यसका लागि स्रोत सन्दर्भ सामग्री जुटाउने कार्य कठिन तथा रोष्टरमा प्राविधिक ज्ञानको न्यूनता रहेको र माथिल्लो निकायको अनुगमन सारै फितलो भएको अवस्था रहेको जसका कारण टिपिडी तालिमको उल्लेखनिय सफलता र प्रभावकारितामा ठोस प्रमाण जुटाउन अझै कठिन भएको तथ्य चर्चा गरिएको छ । यस तालिमको भावाना र मर्मअनुरुप अपेक्षाकृत प्रभावकारितामा आँचआउनुमा थुप्रै कारुणीक पक्षहरू हुनसक्ने र ती मध्ये यस तालिममा जड कुरो टिपिडी तालिमको महत्व शिक्षकलाई नै बुझाउन सकिएन, यसप्रति उनीहरूको सकारात्मक मनोवृत्ति नै विकास गर्न सकिएन, नजिकको तीर्थ हेला भने झै भयो । स्थानिय परिवेशमा आधुनिक प्रविधि फिट्न रोष्टर प्रशिक्षकहरू पनि चुके, शिक्षकहरू पनि चुके, जस्ता आलोचनाको वावजुत टिपिडी तालिम कार्यन्वयनको सम्पन्नाताको अन्तिम चरणमा रहेको निचोड लेखकले व्यक्त गरेको पाईन्छ ।

लामिछाने (२०६८) का अनुसार शिक्षकको पेशागत विकास तालिमको प्रभावकारीता निकै भएको पाइयो । पेशागत विकास तालिम लिएका शिक्षकहरुमा उत्साह बढेको उनीहरुको प्राज्ञीक योग्यता मात्र नभएर पेशागत योग्यता पनि वृद्धि भएको पाइयो । यस पेशागत तालिमले शिक्षकमा शिक्षण सिकाइका लागि आधुनिक विधि प्रविधिको विकास गर्न र सिकाइलाई शिक्षकले आफ्नो पेशागत दायित्वको विकास गरेको पाएका छन् । शिक्षकको पेशागत विकास तालिमले शिक्षकमा ज्ञान, सीप र अभिवृद्धिको विकास साथै सिकाइमा नरम सीपको विकास गरी शिक्षकमा पेशागत सन्तुष्टि प्राप्त गर्न सहयोग गरेको देखिन्छ । यसले विद्यार्थीमा सीप मूलक शिक्षा प्रदान गरी सिकाइ उपलब्धी वृद्धि भएको पाइयो । यसले सामाजिक तथा आर्थिक रुपान्तरण जस्ता समाजसँग प्रत्यक्ष सम्बन्ध भएका विषय वस्तुलाई सामान्यीकरण गर्न सहयोग गरेको पाइयो ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका


जोहन वाटसन् (१८७८-१९५८) का व्यवहारवादसिद्धान्तका अनुसार व्यक्ति वा प्राणीको व्यवहारको बारेमा अध्ययन गर्नेलाई व्यवहारवादी मनोविज्ञान भनिन्छ । यो सिद्धान्तले शिक्षण सिकाइलाई योजनावद्ध बनाउन सहयोग पुऱ्याएको छ । कक्षाकोठामा सफल शिक्षक बन्नका लागि यो सिद्धान्तको प्रयोग गर्नै पर्छ । किनभने पाठयोजना निर्माण शैक्षिक सामग्रीको प्रयोग शैक्षिक

क्रियाकलाप, विद्यार्थी मूल्याङ्कन र उपयुक्त शैक्षिक वातावरण निर्माणमा यसको प्रत्यक्ष प्रयोग गर्न सकिन्छ । व्यवहारवादी सिद्धान्तले वातावरणीय पक्षलाई जोड दिएको छ । मानिसको कुनै व्यवहारलाई हटाइ नयाँ व्यवहार निर्धारण गर्न सकिन्छ भन्ने प्रयोगको आधारमा यो शिद्धान्त प्रयोगमा आएको हो । जवसम्म मानविय व्यवहारमा व्यवहारिकता ल्याउन सकिदैन तव शिक्षा प्रभावकारी भएको मानिदैन भन्ने धारणालाई अङ्गिकार गरी शिक्षाको व्यवहारिक पक्षमा जोड दिनेकार्यको शुरुवात भयो ।सामान्यतया मानिसमा राम्रा बानी व्यवहारको विकास गराउन यी सिद्धान्तलाई प्रयोगमा ल्याइन्छ । वातावरणीय हेरफेरबाट मानव विकासका क्षेत्रमा पनि चाहे अनुसारको परिवर्तन ल्याउन सकिन्छ । व्यवहारवादी सिद्धान्तकारहरूले मानवीय व्यवहारमा आउने परिवर्तन लाई सिकाई र सिकाईलाई नै विकासको रुपमा लिएका छन् । अतः यस सिद्धान्तले शिक्षकको पेसागत विकास कार्यक्रमलाई मानवीय व्यवहारमा परिवर्तन ल्याउने कारकका रुपमा व्याख्या गर्दछ भने मानवीय व्यवहारमा आएको परिवर्तनले उनीहरूको क्षमता अभिवृद्धिमा सकारात्मक प्रभाव पार्ने कुरा निश्चित छ ।

कुर्त लेविन (१८९०-१९४७) को ज्ञानात्मक सिकाइ सिद्धान्त अनुसार सिकाइलाई उद्देश्य मूलक र लक्ष्यकेन्द्रित बनाउनु यस सिद्धान्तको मुख्य योगदान हो । यसले विद्यार्थीमा चाख जगाई सक्रिय रुपमा समस्या समाधानमा संलग्न गराउने उद्देश्य राख्छ । यसले सिकाइको उपयुक्त वातावरण सिर्जना गर्नु, सिकाइलाई संगठित रुपमा विकास गर्न यो सिद्धान्तले जोड दिएको छ । यो सिद्धान्तले पाठ्यक्रमको निर्माण र शिक्षण विधिमा, कार्ययोजना निर्माणमा ज्ञान तथा सीप सिक्न सिकाइमा ठोस सामग्रीको निर्माणमा र समस्या समाधान गर्नमा सहयोग पुऱ्याएको छ । पेशागत विकासका तीनवटा मोडलहरू छन् । क्राप्ट मोडल एप्लाइड साइन्स मोडल र प्रतिविम्वरात्मक मोडल । अर्थमूलक अनुसन्धान प्रतिविम्वात्मक मोडल भित्र पर्छ । प्रतिविम्वात्मक मोडेलले शिक्षकको पेशागत विकासमा सहयोग गर्नुको साथै विद्यार्थीमा ज्ञान, सीप, धारणाको विकास गराउन सहयोग गर्छ ।

शिक्षकको पेशागत सक्षमता

चित्र नं. १ , शिक्षकको पेशागत सक्षमताको प्रतिविम्वात्मक मोडेल




स्रोत : शिक्षक मासिक २०६९

प्राप्त ज्ञान अन्तर्गत आंकडा, तथ्य, सिद्धान्त, अनुसन्धानका प्राप्ति आदि पर्छन् जुन कुरा आफ्नो पेशासँग सम्बद्ध हुन्छ । अनुभवजन्य ज्ञान अन्तर्गत अभ्यास कार्यको प्रतिविम्वन अवलोकन आदिबाट हासिल गरेको ज्ञान पर्छन् । शिक्षकले आफ्नो वर्तमान ज्ञान संरचना अर्थात अनुभवजन्य ज्ञान र प्राप्त ज्ञानका आधारमा अभ्यास र प्रतिविम्वन माध्यमबाट पेशागत विकास गर्छन । टि.पि.डि.तालिमले निम्न कुरामा सुधार ल्याउँछ ।

क) शिक्षक र प्र.अ.को कार्यदक्षता अभिवृद्धि गर्छ ।

ख) शिक्षकहरूमा सिकाइ अनुकूल वातावरण सिर्जना गर्न मद्दत गर्छ ।

ग) विद्यार्थीको उपलब्धी बढोत्तरीमा सहयोग गर्छ ।

## २.३ अवधारणात्मक ढाँचा

स्किनर (१९०४-१९९०) को क्रियापरक सिकाइ सिद्धान्त अनुसार पूनर्वल सिकाइको प्रमुख आधार हो । पूनर्वलले सिकारुमा सिकाइ प्रति तत्पर्ताको विकास गराउछ र व्यवहारलाई आकृतिकरण गर्न सहयोग पुऱ्याउछ । वातावरणीय अनुकूलता,पूनर्वल एवं पृष्ठपोषण संतुलित विकासको प्रमुख श्रोत हो । उनी लगायत व्यवहारवादी दृष्टिकोणमा विश्वास राख्ने मनोवैज्ञानिकहरूले मानव विकासलाई साधारणबाट जटिल प्रकृयाको रुपमा व्याख्या गर्दै सन्तुलित र पूर्ण विकासका लागि अंशबाट पूर्णतिर पद्धति अपनाउनु पर्ने निष्कर्ष निकालेका छन् । उनको विश्लेषण अनुसार मानव विकास उपलब्ध वातावरणीय अवस्था वा परिस्थिति प्रति देखाउने प्रतिक्रिया वापत प्राप्त गर्नेए सुखद वा दुःखद अनुभव वा सन्तुष्टि वा पूनर्वल प्राप्त गर्दै गएको छ भने उसले आफ्नो उक्त कार्यलाई निरन्तरता दिनेतर्फ लाग्दछ वा कार्यप्रति थप क्रियाशिलता देखाउछ । जसको परिणाम स्वरुप उसको व्यवहारमा गुणात्मक परिवर्तन देखा पर्दै जान्छ । शिक्षकको पेसागत विकास

कार्यक्रममा प्रत्येक वर्ष १०/१० दिनका दरले बढीमा ५ वर्षमा जम्मा ३० दिन बराबरको सेवाकालिन तालिम प्रत्येक शिक्षकले अनिवार्य रुपमा लिनु पर्ने व्यवस्था छ । प्रत्येक वर्षको १० दिन बरावरको विद्यालयमा आधारित तालिमको व्यवस्था छ । विद्यालयमा आधारित तालिमका पनि २ भाग छन् पहिलो २० देखि ३० सम्मको स्वाध्ययन अभ्यास, जसको कार्यदिन बरावर तीन दिन हुन्छ । दोस्रो २ कार्यदिने शैक्षिक परामर्श जसमा विद्यालयका प्रमुख सरोकार वालासँग प्रशिक्षकले भेटेर बैठक गरी परामर्श संचालन गर्दछ । यहाँ पाँच दिने तालिम केन्द्रमा आधारित तालिम संचालन गर्दा उपभोक्तका मागमा आधारित भएर तालिममा कार्यक्रम संचालन हुने गर्दछन् । ३ कार्य दिने स्वाध्ययन अभ्यासमा सहभागी शिक्षकले शैक्षिक अनुसन्धानात्मक कार्य संचालन गर्दछन् । जसबाट पृष्ठपोषण प्राप्त गरी आगामी दिनमा पठन पाठनमा सुधार गर्दै लगिन्छ । अहिलेको शिक्षा नियमावलीले व्यवस्था गरे अनुसार शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने पद्धति विकास गरिएको हुँदा शिक्षकले लगातार पुनर्वल प्राप्त गरी आगामी दिनमा सुधार तर्फ लाग्ने अवस्था सृजना भएको छ ।

## २.४ पुनरावलोकनको उपादेयता

प्रस्तुत शोधप्रत्रका लागि माथि उल्लेखित सम्वन्धित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक खाकाको माध्यमबाट ज्यादै ठूलो सहयोग पुगेको छ । त्यसैगरी सम्बन्धित साहित्यको पुनरावलोकनमा धेरै विद्वानहरूद्वारा लेखिएको लेख, रचना, पुस्तक, अनुसन्धान, सन्दर्भ सामग्रीको अध्ययनबाट शोधकर्तालाई विभिन्न ज्ञान, सीप र दक्षता वृद्धि हुने हुँदा पनि उसलाई यस कार्यमा अगाडि बढ्न थप उत्साहित पारेको छ । अध्ययनको सैद्धान्तिक खाका अन्तर्गत विश्वव्यापी प्रसिद्ध दार्शनिकद्वारा प्रतिपादित सिद्धान्तको विस्तृत अध्ययन अनुसन्धान गर्नु पर्ने भएको र यसबाट आवश्यक पृष्ठपोषण प्राप्त हुने, कमी कमजोरीको पहिचान भई आवश्यक अध्ययनको ढाँचा समेत तयार गर्न पुनरावलोकनले शोधकर्तालाई ठूलो सहयोग साथै थप प्रोत्साहन र उत्साहित तुल्याएको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

कुनै पनि कार्यलाई प्रभावकारी तरिकाले सम्पन्न गर्नको लागि विषयवस्तुको प्रकृति अनुसार उद्देश्य प्राप्ति हुनेगरी आवाश्यकता अनुसार विभिन्न उपायहरू तरिक वा ढाँचाहरू अवलम्बन गर्नु पर्ने हुन्छ, जसलाई विधि भनिन्छ । जस अनुरुप यस अध्ययन कार्यलाई सम्पन्न गर्नका लागि तपसिलका विधिहरूको अवलम्वन गरिएको छ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

यस शोध प्रस्तावमा कार्यलाई सम्पन्न गर्न अवलम्वन गरिने अनुसन्धानका ढाँचा अन्तर्गत मुख्य दुईवटा अनुसन्धान ढाँचाहरू प्रयोग गरिएको छ । गुणात्मक ढाँचाद्वारा कुनै घटना, समस्या अवस्था तथा प्रकियाको व्याख्या विश्लेषण गरिएको छ भने संख्यात्मक ढाँचा द्वारा विभिन्न विषयवस्तु तथा अभिलेखसँग सम्बन्धित तथ्याङ्कहरूको विश्लेषण गरिएको छ । यस अध्ययन कार्यमा तथ्याङ्क संकलन व्याख्या, विश्लेषणको रुपमा यिनै गुणात्मक ढाँचा र संख्यात्मक ढाँचाको मिश्रित रुपमा प्रयोग गरि यस कार्यलाई पूरा गरिएको छ ।

## ३.२ जनसंख्या

यस अध्ययन कार्यका लागि जनसंख्याको रुपमा मोरङ जिल्लाको १६ वटा स्रोतकेन्द्रहरूमध्ये पथरी स्रोतकेन्द्रमा रहेकोवयरवन गाविस भित्र अवस्थित १२ वटा विद्यालयहरू मध्ये भौगोलिक, आर्थिक, सुचना संकलनमा सहजता र समयको अनुकुलता जस्ता पक्षलाई ख्याल गरी वयरवनका १ उमावि, १ मावि, १ निमावि, १ प्रावि का प्र.अ. र २-२ शिक्षकलाई परिसीमित जनसंख्या अन्तर्गत छनोट गरी अध्ययनको मुख्य आधार बनाइएको  छ ।

## ३.३ नमूना छनौट विधि

यस अध्ययन कार्यलाई सरल तथा सुनिश्चित ढंगबाट सम्पन्न गर्न नमूना छनौट विधिको रुपमा उदेश्यमूलक विधि र सम्भावनात्मक विधिहरूको प्रयोग गरी नमुनाको आधार निर्धारण गरिएको  छ । जो परिसीमित विद्यालयमा आधारित भई केन्द्रित हुनेछ । यस्तै नमुना (जनसंख्या) को आकारको रुपमा तथ्याङ्क वा सुचना संकलनको क्रममा प्रत्यक्ष रुपमा सहभागी वा आवश्यक जनसंख्या मात्र नमुनाको आधार अन्तर्गत रहेका छन् । जसअन्तर्गत एउटा स्रोतकेन्द्रका ४ विद्यालयहरू, ति प्रत्येक विद्यालयका प्र.अ. १/१ जना गरी जम्मा ४ जना, शिक्षक २/२ जना गरी जम्मा ८ जना जनसंख्याका रुपमा रहेका छन् ।

## ३.४ नमुना छनौटको आधार

यस अनुसन्धानात्मक अध्ययनमा नमुना छनौटको आधार चयनको रुपमा भौगोलिक अवस्था आर्थिक मितव्ययिता, सूचना प्राप्त गर्न सर्वसुलभता सुगमता, समयको अनुकुलता, विश्वसतियता , वैधता जस्ता आधारभुत कुराहरूलाई प्रमुख मापदण्डको रुपमा अङ्गाल्दै मोरङ जिल्लाको पथरी स्रोतकेन्द्र अन्तर्गत रहेका वयरवन गा.वि.स.मा अवस्थितउच्च मा.वि., मा.वि., नि.मा.वि. र प्रा.वि.का प्र.अ. र २/२ जना शिक्षकहरूलाई सुचना संकलनको स्रोतको रुपमा रहेकाछन् र यसका लागि उद्देश्यमुलक र सम्भावनात्मक विधि दुवै मिश्रित रुपमा प्रयोग गरिएको छ ।

## ३.५ अनुसन्धानका साधन

जुनसुकै अनुसन्धानात्मक कार्यलाई प्रभावकारी साथै ठोस उपलब्धिपूर्ण बनाउन अध्ययन अनुसन्धानका लागि सुचना संकलन गर्न विभिन्न साधनको आवश्यकतापर्दछ । यसै क्रममा शिक्षकको पेसागत विकास तालिम कार्यान्वयनको अवस्था अध्ययनका लागि निम्नअनुसारका साधनहरूको प्रयोग गरिएको छ ।

**क) प्रश्नावली** : यस अध्ययनकार्यका लागि अनुसन्धानको साधनको रुपमा अनुसूची -१ र २मा प्रस्तुत प्रश्नावलीकोप्रयोग गरी प्र.अ., शिक्षकबाट गुणत्मक सूचनाहरू प्राप्त गरिएको छ ।

ख) **लक्षित समुह छलफल निर्देशिका** : अनुसूची- ३ मा प्रस्तुत छलफल निर्देशिकाको प्रयोग गरि शिक्षकको पेसागत विकास तालिम कार्यन्वयनको वर्तमान अवस्था, यसलेशिक्षण पेसामा पारेको प्रभावमा देखिएका समस्या र समाधानका उपायको बारे छलफल अन्तर्क्रिया, गरी वास्तविकता पत्तालगाइने र सुचना संकलन गरिएको छ ।

## ३.६ तथ्याङ्कका स्रोतहरू

यस अनुसन्धानात्मक कार्यका लागि तथ्याङ्कका स्रोतका रुपमा प्राथमिक र माध्यमिक (द्वितिय) स्रोतहरू नै प्रयोग गरिएको छ ।

### ३.६.१ प्राथमिक स्रोतहरू

यस शोधकार्यको लागि अनुसन्धानको क्रममा प्राथमिक तथ्याङ्क संकलनका लागि अध्ययन कार्यसँग सम्बन्धित क्षेत्रका सरोकारवाला सुचनादाताहरूसँग शोधकर्ताले प्रत्यक्षरुपमा भेटी आवश्यक तथ्याङ्क तथा सुचना प्राप्त गर्ने उद्देश्यले विभिन्न प्रश्न गर्ने प्रश्नावलीहरू भराउने र

अन्तरक्रियात्मक विधिद्वारा अन्तवार्तामा सहभागी भई तथ्याङ्क संकलन गरिने साथै लक्षित समुहसँग छलफल, भेटघाटबाट सूचना प्राप्त गर्ने कार्य गरिएको  छ।

### ३.६.२ माध्यमिक (द्वितीय) स्रोत

यस द्वितीय स्रोत विद्यालयका अभिलेख, दस्तावेज लेखरचना, समीक्षात्मक टिप्पणी, प्रकाशित लेखहरू, अनुसन्धानात्मक पुस्तक, स्रोतकेन्द्र प्रोफाइल अध्ययन, पत्रपत्रिका, शैक्षिक उपलब्धी मूल्याङ्कन फारम, शैक्षिक तथ्याङ्क, तालिम संचालन निर्देशिका आदि प्रयोग गरिएको छ ।

## ३.७तथ्याङ्क संकलन प्रक्रिया

यस अध्ययन कार्यलाई सुनिश्चित ढंगबाट सम्पन्नगर्न आवश्यक तथ्याङ्क संकलन गर्ने क्रममा सम्वन्धित विद्यालयका शिक्षक, विद्यार्थी, र प्र.अ.सँग प्रश्नावली भराई, लक्षित समुहसँग छलफल, अन्तरक्रिया र अन्तर्वार्ताको माध्यमद्वारा साथै सम्वन्धित विद्यालयमा गई विषयवस्तुसँग सम्वन्धित आवश्यक सुचनाका लागि विद्यालयका दस्तावेज अभिलेख वा सम्वन्धित कागजातहरू उपलब्ध गराई पर्याप्त तथ्याङ्क संकलन गरी अध्ययनकार्य गरिएको  छ ।

## ३.८ तथ्याङ्क विश्लेषण प्रक्रिया

यस क्रममा सर्वप्रथम यस विषयसंग सम्वन्धित आवश्यक सूचना तथा तथ्याङ्क संकलन कार्य गरिने, सो तथ्याङ्कलाई तालिकीकरण गरी तुलानात्मक ढंगले वर्णानात्मक तथा व्याख्यात्मक विधिमार्फत व्याख्या विश्लेषण गरि निष्कर्षमा पुगिएको छ ।

# परिच्छेद चार : नतिजाको व्याख्या र विश्लेषण

शिक्षक पेशा एक शैक्षिक सञ्चार र प्रविधि हो । जुन वौद्धिक अध्ययन र तालिममा आधारित छ । शिक्षणलाई प्राविधिक रुपदिन विषयवस्तुको ज्ञान र अनुभवको मात्र हुदैन त्यसमा शिक्षकमा विशेष प्रकारको योग्यता, क्षमता र तालिमको आवश्यकता पर्छ । पेशागत दक्षताको लागि पेशासम्वन्धी ज्ञान र सीपमा सवैले नविनतम जानकारी राख्न जरुरी छ । शिक्षण पेशामा आउने समस्याहरू पत्ता लगाई तिनीहरूलाई समाधान गर्न शिक्षकलाई तालिमको आवश्यकता पर्छ । पेशागत दक्षता विकास गर्न नविनतम जानकारी दिइ उनीहरूमा ज्ञान, सीप तथा अभिवृत्ति वढाउन आवश्यक हुन्छ । त्यसैले टि.पि.डि.तालिम प्रति शिक्षकको दृष्टि कस्तो रहेछ ? यसको आवश्यकता, समस्याहरू र तालिमलाई प्रभावकारी बनाउने उपायको वारेमा खोज गरी यहाँ व्याख्या विश्लेषण गरिएको छ ।

## ४.१ टिपिडी प्रति प्र.अ. तथा शिक्षकबाट प्राप्त विवरणको विश्लेषण

तालिका नं. १ : प्र.अ.बाट प्राप्त विवरणको विश्लेषण

| विद्यालयको नाम | तपाइले टि.पि.डि.तालिम लिनु भएको छ | टि.आइ.पि.निर्माण गर्नु भएको छ | टि.पि.डि.तालिम प्रति शैक्षिक सुधार पाउनु भएको छ | शिक्षकलाई सहयोग गर्नु भएको छ | शिक्षणलाई प्रभावकारी बनाएको छ | पेशागत सीप र दक्षतामा सहयोग पुऱ्याएको छ |
|---|---|---|---|---|---|---|
| जनसेवा उ.मा.वि. | छ | छ/थियो | छ | छ | छ | छ |
| वाल मा.वि. | छैन | छैन | छ | छ | छ | छ |
| जनता नि.मा.वि. | छ | छ | छ | छ | छ | छ |
| सूर्योदय प्रा.वि. | छ | छ | छ | छ | छ | छ |

स्रोत : स्थलगत सर्वेक्षण

माथिको तालिकाको अध्ययन गर्दा छनोटमा परेका ४ ओटा विद्यालयका प्रअ. मध्ये ३ ओटा विद्यालयका प्र.अ.ले टिपिडी तालिम लिएको पाइयो । टिआइपी पनि आवश्यकता अनुसार निर्माण

गरेको पाइयो । प्र.अ.ले सामान्य कक्षा अवलोकन गर्दा शिक्षकहरूले टिपिडी तालिम लिए पछि शैक्षिक गतिविधिमा सुधार भएको पाइयो । टिपिडी तालिम पछि शिक्षकहरूले सामग्री संकलन र निर्माण गरेर शिक्षण गरेकाले शिक्षकको पेशागत सीप र दक्षतामा सहयोग पुऱ्याएको देखिन्छ ।

तालिका नं. २ : शिक्षकबाट प्राप्त विवरणको विश्लेषण

| विद्यालयको नाम | तपाइले टि.पि.डि.तालिम लिनु भएको छ | टि.आइ.पि.निर्माण गर्नु भएको छ | टि.पि.डि.अनुसार शिक्षण गर्नु भएको छ? | पेशागत विकास गरेको छ | तालिमको प्रयोगमा प्र.अ.ले सहयोग गर्नु भएको छ | समस्या समाधानमा सहयोग पुऱ्याएको छ |
|---|---|---|---|---|---|---|
| जनसेवा उ.मा.वि. | छ<br>छ | छ/थियो<br>छ | छ<br>छ | छ<br>छ | आंशिक<br>छ | आंशिक<br>छ |
| वाल मा.वि. | छ<br>छ | छ<br>छ | छ<br>केही मात्रामा मात्र | छ<br>छ | छ<br>छ | छ<br>छ |
| जनता नि.मा.वि. | छ<br>छ | छ<br>छ | छ<br>तालिम लिएका विषयहरू | छ | सहयोग मागेमा | |
| सूर्योदय प्रा.वि. | छ<br>छ | छ<br>छ | छ<br>छ | केही हदसम्म छ | छ<br>छ | छ<br>छ |

स्रोत : स्थलगत सर्वेक्षण

माथिको तालिकामा अध्ययन गर्दा छनोटमा परेका ४ ओटा विद्यालयका ८ जना शिक्षकहरूमा ८ जना शिक्षकले नै टिपिडी तालिम लिएको देखिन्छ । र टिपिडी तालिममा सिकेका कुरा अनुसार शिक्षण गरेको देखिन्छ । टिपिडी तालिमले शैक्षिक सामग्रीको निर्माण गर्न बाल मानोविज्ञान अनुसार शिक्षण गरी पेशागत विकास गर्न सहयोग पुगेको देखिन्छ । शिक्षकलाई सामग्री

निर्माण गर्न वा अन्य कार्यको लागि सहयोग मागे अनुसार प्र.अ.ले सहयोग गरेको पाइयो र कक्षा शिक्षणमा आइपरेका समस्याको समाधान गर्न शिक्षकलाई धेरै हदसम्म सहयोग पुऱ्याएको देखिन्छ ।

## ४.२ टिपिडी तालिम प्रतिको दृष्टिकोण

टिपिडी तालिमप्रतिको दृष्टिकोण सन्दर्भमा सोधिएको प्रश्नमा ज.से.उ.मा.वि.का प्र.अ. प्रस्तुत गर्नुहुन्छ,

> तालिम आवश्यक कुरा हो तर संस्कृति वदलिन नसक्नु कमजोरी पक्ष हो । शिक्षण सामग्रीको प्रयोग नगर्नु, पाठयोजना नवनाउनु, झारा टार्ने काम गर्नु, तालिम लिएपछि त्यसको प्रयोग नै तालिमले महत्व राख्नु पर्छ । यस तालिमलाई कक्षा शिक्षणमा प्रयोग गरे यसको औचित्य पुष्ट्याइ हुने थियो ।

टिपिडी तालिमप्रतिको दृष्टिकोण सन्दर्भमा सोधिएको प्रश्नमा वाल मा.वि. हरकपुरका प्र.अ. प्रस्तुत गर्नुहुन्छ

> टिपिडी तालिम प्रति मेरो दृष्टिकोण सकारात्मक नै छ तर टिपिडी तालिम लिएका शिक्षकहरूले को पनि कक्षा शिक्षण सन्तोषजनक हुन सकेको देखिन्न । विषयअनुसार तालिम भए शिक्षण सिकाइमा सिर्जनात्मक सहयोग पुग्ने देखिन्छ । समय थोरै भएको महशुस गरेको छु ।

टिपिडी तालिमप्रतिको दृष्टिकोण सन्दर्भमा सोधिएको प्रश्नमा जनता नि.मा.वि.का प्र.अ. प्रस्तुत गर्नुहुन्छ

> यस तालिमले व्यक्तित्व विकास हुनुका साथै पेशागत क्षमता ज्ञान सीप अभिवृद्धि गर्न र शिक्षण सहजीकरण गरी सहयोग पुऱ्याएको छ । टिपिडी तालिम शिक्षकलाई दिनुपर्छ जसले एक कुशल योग्य पेशागत सीप युक्त शिक्षक निर्माणमा सहयोग पुऱ्याएको छ ।

टिपिडी तालिमप्रतिको दृष्टिकोण सन्दर्भमा सोधिएको प्रश्नमा सूर्योदय प्रा.वि. का प्र.अ. प्रस्तुत गर्नुहुन्छ

> टिपिडी तालिम प्रभावकारी छ । यसले शिक्षकको पेशागत विकासमा सहयोग पुऱ्याएको छ । यस तालिमको लागि राखिएको समय कम भएकाले त्यति प्रभावकारी नहुने देखिन्छ । यो तालिमले शिक्षकको ज्ञानको पुनर्ताजगि गर्ने भएकोले यस तालिम प्रति मेरो दृष्टिकोण सकारात्मक छ ।

टिपिडी तालिमप्रतिको दृष्टिकोण सन्दर्भमा सोधिएको प्रश्नमाजनसेवा उ.मा.वि. का प्रा.वि.शिक्षक प्रस्तुत गर्नुहुन्छ

यस तालिमले शिक्षकको पेशागत क्षमता वृद्धि गर्न सहयोग पुऱ्याएको छ । तर निरन्तर अनुगमन र अवलोकनको अभाव देखिएको छ । टिपिडी तालिम दिएपछि यसको प्रयोगको निरीक्षण गरे राम्रो हुने, यसको क्षेत्र अझै विस्तार गरे राम्रो हुने थियो । तालिम कार्यक्रम केन्द्रित नभई आवश्यकता केन्द्रीत हुनु पर्ने मेरो दृष्टिकोण छ ।

टिपिडी तालिमप्रतिको दृष्टिकोण सन्दर्भमा सोधिएको प्रश्नमामा.वि. शिक्षक प्रस्तुत गर्नुहुन्छः

टिपिडी तालिमले शिक्षकको पेसागत दक्षता अभिवृद्धि गर्दछ । सामुहिक कार्य गर्न, अन्तरक्रिया गर्न सहयोग गर्छ । यसलाई साधारण उद्देश्यमा नगई विषयगत विशिष्ट उद्देश्यमा गए राम्रो हुने थियो । यसले शिक्षकलाई योग्य बनाउन सहयोग गर्ने मेरो दृष्टिकोण छ । यसले शिक्षकको गुणस्तर वृद्धि गर्न सहयोग गर्न सक्छ ।

टिपिडी तालिमप्रतिको दृष्टिकोण सन्दर्भमा सोधिएको प्रश्नमावाल मा.वि. हरकपुरका मा.वि. शिक्षक प्रस्तुत गर्नुहुन्छ

यो तालिमले शिक्षकलाई पुनर्ताजगी गराई कक्षा शिक्षणमा आइपर्ने विभिन्न समस्याको समाधान गर्न सहयोग पुऱ्याएको छ । पेशागत क्षमताको वृद्धि गर्ने देखिन्छ । यसले सामाजिक एवम् मनोवैज्ञानिक धारणा अनुसार शिक्षण गर्न पनि सहयोग पुऱ्याएको देखिन्छ ।

टिपिडी तालिमप्रतिको दृष्टिकोण सन्दर्भमा सोधिएको प्रश्नमाप्रा.वि.शिक्षक प्रस्तुत गर्नुहुन्छ

दृष्टिकोण सकारात्मक छ तर तालिमबाट प्राप्त ज्ञानलाई पूर्ण रुपमा कक्षा कोठामा प्रयोग गर्न सम्भव छैन । यसले शिक्षकको पेशासँग सम्बन्धित ज्ञान, सीप क्षमता पूरा गर्न पेशागत विकास गर्न सहयोग गर्छ । पेशागत विकास तालिमबाट सम्भव हुने भएकोले यस प्रति सकारात्मक दृष्टिकोण छ ।

टिपिडी तालिमप्रतिको दृष्टिकोण सन्दर्भमा सोधिएको प्रश्नमाजनता नि.मा.वि.का नि.मा.शिक्षक प्रस्तुत गर्नुहुन्छ

शिक्षण सिकाइ प्रभावकारी वनाइ दि्यार्थीमा ज्ञान निर्माण गर्ने संस्कृतिको विकास गराउने । आफूमा भएको पेशागत क्षमतालाई सहि रुपमा प्रयोग गर्न पनि यसले सहयोग गर्छ । यस तालिमले शिक्षकलाई पेशागत जवाफदेहिता बढाउनपनि मद्दत गर्ने भएकाले यसले कक्षा सिकाइमा सहयोग पुग्ने देखिन्छ ।

टिपिडी तालिमप्रतिको दृष्टिकोण सन्दर्भमा सोधिएको प्रश्नमानि.मा. शिक्षक प्रस्तुत गर्नुहुन्छ

शिक्षण सिकाइमा सहयोग पुग्ने देखिन्छ । यसले सिकाइमा नरम सीपको प्रयोग गर्न सहयोग पुग्ने देखिन्छ । टिपिडी तालिम अन्य तालिमको समष्टिगत रुप हो । यसले खास विषयवस्तुको समस्यालाई मात्र नलिइ सम्पूर्ण सिकाइ समस्यालाई ज्ञान, सीप र दक्षतासाथ पूरा गर्ने भएकाले मेरो दृष्टिकोण सकारात्मक छ ।

टिपिडी तालिमप्रतिको दृष्टिकोण सन्दर्भमा सोधिएको प्रश्नमा प्रा.वि.का शिक्षक प्रस्तुत गर्नुहुन्छ

टिपिडी तालिमले अध्ययन अध्यापनमा सहयोग पुग्ने देखिन्छ । पेशागत विकास गर्ने देखेको छु । यसले पुराना विधि र प्रविधिलाई हटाइ नयाँ नयाँ कुराहरू अवगत गराउने भएकाले यो तालिम लिनु एकदमै आवश्यक जस्तो लाग्छ । यसले कम शैक्षिक योग्यता भएकालाई पनि विषयवस्तुको सिकाइमा सहयोग गर्छ ।

टिपिडी तालिमप्रतिको दृष्टिकोण सन्दर्भमा सोधिएको प्रश्नमाप्रा.वि. शिक्षक प्रस्तुत गर्नुहुन्छ

मेरो दृष्टिकोण सकारात्मक छ । शिक्षण सिकाइ क्रियाकलापमा सकारात्मक सहयोग पुऱ्याएको छ । पुराना शिक्षकलाई नयाँ कुराले पुनर्ताजगि गर्ने भएकाले तालिम आवश्यक हुन्छ । यसले शिक्षकलाई सक्रिय पार्ने भएकाले यस प्रति मेरो दृष्टिकोण सकारात्मक छ ।

टिपिडी तालिम प्रति शिक्षकको दृष्टिकोण बारेमा लक्षित समुहसँग छलफल गर्न प्र.अ. तथा शिक्षकहरूलाई निमन्त्रणा गरियो । जसमा ४ जना प्र.अ.मा २ जना र ८ जना शिक्षकमा ५ जना मात्र उपस्थित हुनु भयो । उहाँहरूसँग टिपिडी तालिम प्रति शिक्षकको दृष्टिकोण सम्बन्धमा छलफल गर्दा सबैको सकारात्मक दृष्टिकोण पाइयो । यसले शिक्षकको पेशागत समस्या समाधान गर्न र आधुनिक शिक्षण विधि र प्रविधिसँग परिचित गराउन सफल भएको पाइयो । यसले पेशागत दक्षता र सीपको विकास गरी सिकाइ प्रभावकारी बनाएको पाइयो ।

## ४.३ टिपिडी तालिमको आवश्यकता

टिपिडी तालिमप्रतिको आवश्यकता सन्दर्भमा सोधिएको प्रश्नमाजनसेवा उ.मा.वि.का प्र.अ. प्रस्तुत गर्नुहुन्छ

टिपिडी तालिम शिक्षकको पुनर्ताजगी गर्न आवश्यक तालिम हो । यो तालिम अगाडि लिएका विषय वस्तुका समस्या समाधान गर्ने तालिमहरू भन्दा अझ उत्कृष्ट तालिम हो । यसले शैक्षिक योजनाको निर्माण गरी शिक्षण गर्न सहयोग पुऱ्याउछ । यस शिक्षण गर्ने ज्ञान सीप

र दक्षताको विकास गरी पेशागत ज्ञान र सीपको विकास गर्न सहयोग पुऱ्याउछ । यसले दक्ष शिक्षक निर्माण गर्दछ ।

टिपिडी तालिमप्रतिको आवश्यकता सन्दर्भमा सोधिएको प्रश्नमाबाल मा.वि.का प्र.अ. प्रस्तुत गर्नुहुन्छ

टिपिडी तालिम लिएका शिक्षकको कक्षा अवलोकन गर्दा कक्षा शिक्षण प्रभावकारी पाइयो । उनीहरूमा उत्साह जोस जाँगर बढेको पाइयो । कक्षा शिक्षण गर्दा शैक्षिक सामग्री प्रयोग गरी समस्या समाधान गर्न सहयोग पुऱ्याउछ । यस तालिमले शिक्षकमा उत्साह जोस जाँगर बढेको पाइयो । यसले सिकाइ प्रभावकारी भएको पाइयो । यो तालिमले शिक्षकको पेशागत ज्ञान सीप र क्षमताको वृद्धि गरी समस्या समाधानगर्न सहयोग गर्ने भएकाले यो तालिमको आवश्यकता छ ।

टिपिडी तालिमप्रतिको आवश्यकता सन्दर्भमा सोधिएको प्रश्नमाजनता नि.मा.वि.का प्र.अ. प्रस्तुत गर्नुहुन्छ

टिपिडी तालिम बहुआयामिक तालिम जस्तो लाग्छ । यसले कुनै खास समस्याको समाधान भन्दा शिक्षकलाई कुनै पनि विषयको शिक्षण गर्दा चाहिने सीप र दक्षताको विकास गर्न सहयोग पुऱ्याउनेदेखिन्छ । यसले विषयवस्तुका समस्याको समाधानमा प्राप्त भएको सीप र दक्षतालाई उपयोगी ढंगले व्यवस्थापन गर्न सक्छ ।

टिपिडी तालिमप्रतिको आवश्यकता सन्दर्भमा सोधिएको प्रश्नमा सूर्योदय प्रा.वि.का प्र.अ. प्रस्तुत गर्नुहुन्छ

यो तालिम प्रभावकारी छ । यसले कक्षा शिक्षणमा सहयोग पुऱ्याएको छ । यसले शिक्षकको पेशागत ज्ञान र सीपको विकास गरी कक्षा शिक्षणमा आइपर्ने समस्यालाई समाधान गर्न सहयोग पुऱ्याएको छ । यसले शिक्षकलाई दक्ष र पेशाप्रति वफादार रहन उत्प्रेरित गरेको छ । र शिक्षणमा कला तथा कौशलको प्रयोग गर्न मद्दत गरेको छ ।

टिपिडी तालिमप्रतिको आवश्यकता सन्दर्भमा सोधिएको प्रश्नमाजनसेवा उ.मा.वि.का शिक्षक प्रस्तुत गर्नुहुन्छ

शिक्षकलाई आफूले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरी भोग्नु परेका समस्या र कठिनाइलाई निराकरण गरी शिक्षकलाई पेशाप्रति उत्तरदायित्व वोध गराउनु सहयोग पुऱ्याएको छ । प्रभावकारी शिक्षण गर्न बालकेन्द्रित शिक्षण विधिको प्रयोग गर्न, विभिन्न

उद्देश्य पुरा गर्न, पेशागत सीपको विकास गर्न, शैक्षिक योजनाको निर्माण गर्न, यो तालिमको आवश्यक छ ।

टिपिडी तालिमप्रतिको आवश्यकता सन्दर्भमा सोधिएको प्रश्नमाशिक्षक प्रस्तुत गर्नुहुन्छ

शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन सहयोग पुऱ्याउँछ । शिक्षकले अनुभव गरेका समस्या समाधान गर्न सहयोग गर्छ । शिक्षणको गुणस्तर विद्धि गर्न, विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग गर्न, पेशालाई व्यवसायीकरण गर्न, शिक्षण योजना बनाउन यसको आवश्यकता देखिन्छ ।

टिपिडी तालिमप्रतिको आवश्यकता सन्दर्भमा सोधिएको प्रश्नमावाल मा.वि.का शिक्षक प्रस्तुत गर्नुहुन्छ

यसले शिक्षकलाई पूनर्ताजगी गराइ नयाँ नयाँ शिक्षण विधीको प्रयोग गरी शिक्षण गराउन सहयोग गर्छ । यो सम्पूर्ण तालिमहरूको समष्टिगत तालिम भएकोले यसले शिक्षकको पेशागत ज्ञान, सीपको विकास गर्ने र शिक्षण अवस्थामा आएका समस्याको समाधान गर्न, मद्दत गर्ने भएकाले यसको आवश्यक छ ।

टिपिडी तालिमप्रतिको आवश्यकता सन्दर्भमा सोधिएको प्रश्नमाशिक्षक प्रस्तुत गर्नुहुन्छ

यस्ता तालिमले शिक्षकलाई सधै पूनर्ताजगी गर्नमा सहयोग गर्छ । शिक्षकमा पेशागत ज्ञान, सीपको विकास गरी कक्षा शिक्षण प्रभावकारी रुपमा गर्न सहयोग गर्छ । यसले शिक्षकलाई पेसा प्रति उत्तरदायि बनाउछ र विभिन्न शिक्षण विधि प्रविधि बारे जानकारी गराउछ ।

टिपिडी तालिमप्रतिको आवश्यकता सन्दर्भमा सोधिएको प्रश्नमाजनता नि.मा.वि.का शिक्षकप्रस्तुत गर्नुहुन्छ

शिक्षकको पेशागत विकासलाई प्राप्त ज्ञान र अनुभवलाई निर्माणात्मक सुधार गरी शिक्षण सिपको विकास गराउने । यस तालिमले विषय वस्तुको पुनर्ताजगी गर्ने शिक्षकलाई शैक्षिक देखि सामाजिक समस्या समाधान गर्न सहयोग गर्ने, शिक्षकको विभिन्न पेशागत क्षमता अभिवृद्धि गर्न सहयोग गर्छ ।

टिपिडी तालिमप्रतिको आवश्यकता सन्दर्भमा सोधिएको प्रश्नमाशिक्षक प्रस्तुत गर्नुहुन्छः

नयाँ नयाँ शैक्षिक प्रविधियुक्त शिक्षण गर्न, परिमार्जित पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण विधीको सीप विकास गर्न, र पुनर्ताजगीको लागि । समस्या समाधान गर्न शैक्षिक सामग्रीको

प्रयोग सहित शिक्षण गर्न, शिक्षकको पेशागत क्षमता अभिवृद्धि गर्न, बालकेन्द्रित शिक्षण विधिको प्रयोग गरी शिक्षण यस तालिमले सहयोग गर्छ ।

टिपिडी तालिमप्रतिको आवश्यकता सन्दर्भमा सोधिएको प्रश्नमा सूर्योदय प्रा.वि.का शिक्षक प्रस्तुत गर्नुहुन्छ

शैक्षिक विकास गर्न, शिक्षकको पेशागत विकास गर्न पेशाप्रति झुकाव बढाउन, पूनर्ताजगी दिलाउन । आजको प्रविधिको युगमा नयाँ नयाँ विधि र प्रविधिको प्रयोग गर्न पेशागत विकास गर्न, ज्ञान र सीपको क्षमता विकास गर्न, शैक्षिक योजना निर्माण गर्न सहयोग गर्ने भएकाले यसको आवश्यक छ ।

टिपिडी तालिमप्रतिको आवश्यकता सन्दर्भमा सोधिएको प्रश्नमाशिक्षक प्रस्तुत गर्नुहुन्छ

पेशागत व्यवसायलाई आधुनिक समसामयिक प्रविधि अपनाइ कक्षा सञ्चालन गर्न आवश्यक देखिन्छ । शिक्षकलाई पुनर्ताजगी गराई परिवर्तित पाठ्यक्रम अनुसार शिक्षण गर्न सहयोग गर्छ । शिक्षकको पेशागत ज्ञान र सीपको विकास गर्न, शैक्षिक योजनाको निर्माण गर्न सहयोग गर्छ ।

टिपिडी तालिमको आवश्यकता सम्बन्धमा लक्षित समुहसँग छलफल गर्दा यस तालिमले सिकाइलाई प्रभावकारी गराउने नयाँ विधि र प्रविधि सम्बन्धमा ज्ञानर सीप दिने विषय वस्तुको पुनर्ताजगी गर्ने, विभिन्न शिक्षण विधिको विकास गर्ने, शिक्षण सम्बन्धी समस्यालाई मात्र नभएर अन्य समस्या समाधानगर्न पनि सहयोग पुऱ्याएने भएकाले यस तालिमको आवश्यक भएको बताउनु भयो ।

## ४.४ टिपिडि तालिममा देखा परेका समस्याहरू

टिपिडी तालिममा देखापरेका समस्याहरुकोसन्दर्भमा सोधिएको प्रश्नमा जनसेवा उ.मा.वि.का प्राचार्य प्रस्तुत गर्नुहुन्छ

तालिममा समय कम हुनु, कुरा बढी गर्नु, तालिममा विषयका समस्याप्रति कम केन्द्रित हुने, सुपरीवेक्षक प्रभावकारी रुपमा नहुनु । तालिमलाई अनुगमनको दायरा भित्र राख्न नसक्नु, तालिममा नरम सीपको प्रयोग नहुनु तालिममा खास समस्याको पहिचान गर्न नसक्नु।

टिपिडी तालिममा देखापरेका समस्याहरुको सन्दर्भमा सोधिएको प्रश्नमा वाल उ.मा.वि. हरकपुरका प्र.अ. प्रस्तुत गर्नुहुन्छ

विषयगत समस्या समाधानमा कम शैक्षिक सामग्रीको अभाव, शिक्षण सिकाइ प्रति विद्‌यार्थीको चासोको कमी शिक्षण सिकाइमा मूल्याङ्कनको कमी । अनुगमन फितलो हुनु, विद्यालयको आर्थिक कमजोरीले न्यूनतम शैक्षिक सामग्री खरीद गर्न नसक्नु, सवै शिक्षकका आवश्यकता पूरा गर्न नसक्नु यस तालिमका समस्या हुन् ।

टिपिडी तालिममा देखापरेका समस्याहरुको सन्दर्भमा सोधिएको प्रश्नमा जनता नि.मा.वि.का प्र.अ. प्रस्तुत गर्नुहुन्छ

शिक्षकको माग अनुसार पूर्ण रुपको प्याकेज तयार नहुनु, तालिम अवधि छोटो हुनु, विद्ययालय अनुकूल समय टिपिडि नहुनु । शिक्षकको आवश्यकतालाई कम ध्यान दिनु, तालिमको अनुगमन नहुनु, समय कम हुनु, औपचारिकता मात्र पुरा गर्नु यसका समस्या हुन् ।

टिपिडी तालिममा देखापरेका समस्याहरुको सन्दर्भमा सोधिएको प्रश्नमा सूर्योदय प्रा.वि.का प्र.अ. प्रस्तुत गर्नुहुन्छ

टिपिडि तालिममा देखापरेका समस्याहरू धेरै छन् । ती मध्ये तालिम अवधी छोटो हुनु, समस्यासम्म छलफल पुग्न नसक्नु, सवै विषयमा प्रवेश नहुनु । अनुगमन निरीक्षण नहुनु, केन्द्रिकरण प्याकेज निर्माण हुनु, तालिम अनुरुप शिक्षण गर्न नसक्नु शिक्षकको मनोविज्ञान बुझ्रेर प्रशिक्षण नगर्नु ।

टिपिडी तालिममा देखापरेका समस्याहरुको सन्दर्भमा सोधिएको प्रश्नमा जनसेवा उ.मा.वि.का शिक्षक प्रस्तुत गर्नुहुन्छ

शिक्षकले आफूलाई परेका शैक्षिक समस्याको पहिचान गर्न नसक्नु, तालिमलाई औपचारिकतामा मात्र सिमित गर्नु निरन्तर अनुगमन र निरीक्षण र कक्षा अवलोकन नगर्नु । तालिम आवश्यकता भन्दा कार्यक्रम केन्द्रित हुनु, तालिमबाट प्राप्त पेशागत ज्ञान, सीप, कक्षाकोठमा प्रयोग गर्ने वातावरण नहुनु, तालिमका नीतिहरू स्पष्ट नहुनु ।

टिपिडी तालिममा देखापरेका समस्याहरुको सन्दर्भमा सोधिएको प्रश्नमा शिक्षक प्रस्तुत गर्नुहुन्छ

सवै शिक्षकका आवश्यकता पूरा नहुनु, तालिमको अवधि कम हुनु, पर्याप्त भत्ताको व्यवस्था नहुनु । प्रभावकारी सुपरीवेक्षण र अनुगमनको अभाव, राम्रो गर्नेलाई पुरस्कारको व्यवस्था नगर्नु, विद्यालयमा उपयुक्त सामग्रीको अभाव, तालिम पाठ्यक्रम सैद्धान्तिक हुनु, तालिमबाट प्राप्त ज्ञान, सीपलाई कक्षाकोठामा प्रयोग नगर्नु ।

टिपिडी तालिममा देखापरेका समस्याहरुको सन्दर्भमा सोधिएको प्रश्नमा वाल मा.वि. का शिक्षक प्रस्तुत गर्नुहुन्छ

तालिम सञ्चालन गर्ने विज्ञको अभाव, तालिमको क्रममा उठेका समस्याको समाधान नहुनु, पर्याप्त सामग्री नहुनु ।प्रभावकारी अनुगमन नहुनु, तालिममा व्यवहारिक पक्षमा कम ध्यान दिनु, ज्ञान र सीपलाई कक्षाकोठामा प्रयोग गर्ने वातावरण नहुनु, कार्यबोझ बढी भएकाले तालिमलाई प्रयोगमा नल्याउनु ।

टिपिडी तालिममा देखापरेका समस्याहरुको सन्दर्भमा सोधिएको प्रश्नमा शिक्षक प्रस्तुत गर्नुहुन्छ

समयावधि छोटो हुनु तालिम लिएपछि सोही अनुसार शिक्षण नहुनु, तालिम प्याकेजमा हुने भएकाले सवै शिक्षकलाई समेट्न नसक्नु । तालिमलाई झारा टार्ने रुपमा लिनु, प्रभावकारी अनुगमन नहुनु, कार्यसम्पादनको सहि मुल्याङ्कन नहुनु, पेशागत मर्यादा कायम गर्न नसक्नु ।

टिपिडी तालिममा देखापरेका समस्याहरुको सन्दर्भमा सोधिएको प्रश्नमा जनता नि.मा.वि.मा शिक्षक प्रस्तुत गर्नुहुन्छ

समयमा पढाइ नसकिने, पाठ्यक्रममा आएका उद्देश्य पुरा नहुने आर्थिक व्यय बढ्ने । तालिमबाट प्राप्त पेशागत ज्ञान, सीपलाई कक्षाकोठा शिक्षणमा प्रयोग गर्न सक्ने वातावरण नहुनु, तालिमको सहि प्याकेज तयार नहुनु, माग अनुसार तालिम सञ्चालन नहुनु, समयको कमी हुनु, शैक्षिक सामग्रीको अभाव हुनु ।

टिपिडी तालिममा देखापरेका समस्याहरुको सन्दर्भमा सोधिएको प्रश्नमा शिक्षक प्रस्तुत गर्नुहुन्छ

एकै प्रकारको परीवेशमा तालिम सञ्चालनहुनु प्रशिक्षकले औपचारिक पुरा गर्ने सोचका साथ सञ्चालन गर्नु । समयको कमी हुनु, कार्य सम्पादनको सही मूल्याङ्कन नहुनु, व्यवहारिक

पक्षमा ध्यान नदिनु, तालिमका नीतिहरू स्पष्ट नहुनु, शिक्षकको मनोविज्ञान नबुझ्नु, राम्रो गर्नेलाई पुरस्कारको व्यवस्था नगर्नु ।

टिपिडी तालिममा देखापरेका समस्याहरुको सन्दर्भमा सोधिएको प्रश्नमा सूर्योदय प्रा.वि.का शिक्षकप्रस्तुत गर्नुहुन्छ

विषयगत मूल समस्या पत्ता लगाउन नसक्नु, विषयगत रुपमा तालिम नदिनु, भत्ता कम हुनु । समस्या केन्द्रित नहुनु, प्रा.वि. तहका सवै विषयका समस्यालाई समेट्न नसक्नु, प्रभावकारी अनुगमन नहुनु, समयको कमी हुनु, पेशागत विकासका लागि तालिमबाट प्राप्त ज्ञान, सीपको कक्षाकोठामा प्रयोग नहुनु ।

टिपिडी तालिममा देखापरेका समस्याहरुको सन्दर्भमा सोधिएको प्रश्नमा शिक्षक प्रस्तुत गर्नुहुन्छ

सवै तहकालाई संयुक्त रुपमा तालिम दिनु आर्थिक भार बढ्नु, समय नै कोर्ष नसकिनु । विषयगत समस्याको छुट्टाछुट्टै छलफल नहुनु, प्रभावकारी निरीक्षण र अनुगमन नगर्नु, तालिमको लागि समयको कमी हुनु, पेशागत विकासको लागि तालिमको व्यवहारिक पक्षमा ध्यान नदिनु यस तालिमका समस्याहरू हुन् ।

टिपिडी तालिम सम्बन्धी समस्याको लक्षित समुहसँग छलफल गर्दा विषयगत रुपमा प्याकेज तयार नहुनु, अनुगमनप्रभावकारी नहुनु, राम्रो गर्नेलाई पुरस्कार र नराम्रो गर्नेलाई दण्डको व्यवस्था नहुनु,  समय छोटो हुनु, तालिम भत्ताको कमी हुनु, तालिममा सिकेका ज्ञान, सीपलाई प्रयोग गर्ने वातावरण विद्यालयमा नहुनु, तालिम सञ्चालन प्रयोगात्मक र व्यवहारिक नहुनु यसका समस्या हुन् ।

## ४.५ टिपिडी तालिमलाई प्रभावकारी बनाउने उपायहरू

टिपिडी तालिमलाई प्रभावकारी बनाउने उपायहरू सन्दर्भमा सोधिएको प्रश्नमा जनसेवा उ.मा.विका प्राचार्य दामोदर सिग्देलप्रस्तुत गर्नुहुन्छ

समस्या र विषय केन्द्रित हुनुपर्छ, समयलाई ध्यान दिने तालिमको स्थान सहभागी क्षेत्रमा केन्द्रित हुनुपर्ने, सुपरीवेक्षण, अनुगमन प्रभावकारी बनाउनु पर्ने पुरानो संस्कार परिवर्तनमा भएको मूल्याङ्कन गर्नु पर्ने । शिक्षकको मनोविज्ञान बुझ्नेरतालिम सञ्चालनगर्नु पर्छ । तालिममा शिक्षकलाई स्वतः स्फुर्त भाग लिने वातावरण सिर्जना गर्नु पर्दछ ।

टिपिडी तालिममा देखापरेका समस्याहरुको सन्दर्भमा सोधिएको प्रश्नमा वाल मा. वि.का प्र.अ. प्रस्तुत गर्नुहुन्छ

शैक्षिक सामग्रीको आवश्यकता प्रर्ति हुनुपर्ने, शिक्षण सिकाइ के कस्तो भएको छ प्रशिक्षकबाट मूल्याङ्कन हुनु पर्ने । शिक्षकले तालिम लिइ सकेपछि कक्षाकोठामा त्यसलाई प्रयोग गर्ने वातावरणको निर्माण गर्ने राम्रो गर्नेलाई पुरस्कार दिनेव्यवस्था गरे अझ प्रभावकारी हुन्छ ।शिक्षक स्वत आफै तालिमको कार्यान्वयनगर्न अग्रसर हुनुपर्छ ।

टिपिडी तालिममा देखापरेका समस्याहरुको सन्दर्भमा सोधिएको प्रश्नमा जनता नि.मा.वि.का प्र.अ. प्रस्तुत गर्नुहुन्छ

शिक्षकहरूको शिक्षण सिकाइको क्रममा देखा परेका समस्याको सङ्कलन गरी सोही अनुसार प्याकेज तयार गर्ने, प्रयाप्त समय दिने र विद्यालयलाई अनुकूल हुने तालिम सञ्चालन गर्ने र अनुगमन गर्नुपर्ने देखिन्छ ।तालिम दिइ सकेपछि अनुगमन र निरीक्षण गर्ने र शिक्षकले पनि तालिममा प्राप्त भएका पेशागत ज्ञान, सीपलाई इमान्दारीता पूर्वक कक्षाकोठामा प्रयोग गर्ने गर्नुपर्छ ।

टिपिडी तालिममा देखापरेका समस्याहरुको सन्दर्भमा सोधिएको प्रश्नमा सूर्योदय प्रा.वि.का प्र.अ. प्रस्तुत गर्नुहुन्छ

यो तालिमलाई प्रभावकारी बनाउन समयावधि थप हुनुपर्ने, प्रा.वि.का सवै विषयका समस्या पहिचान गरी तिनको निराकरणको हुनुपर्ने, तालिमपछि निरीक्षणको कार्य कम भएको साथै नातावाद भएको हुँदा यसको अन्त्यगरी तालिम सञ्चालन भए यो तालिम अति नै प्रभावकारी हुने थियो । सवै विषयका सवै समस्याहरूलाई खोजी गरी तीनको समाधानको उपायको बारेमा छलफल गरे तालिम प्रभावकारी हुने थियो ।

टिपिडी तालिममा देखापरेका समस्याहरुको सन्दर्भमा सोधिएको प्रश्नमा जनसेवा उ.मा.वि.का शिक्षक प्रस्तुत गर्नुहुन्छ

शिक्षकलाई आफ्नो जिम्मेवारी र कर्तव्य वोध गराउने अनुगमन निरीक्षणलाई प्रभावकारी बनाउन शिक्षकको शैक्षिक समस्याको खास समाधान गर्ने विषयवस्तु छनौट गरी मोड्युल निर्माण गर्नु । तालिमबाट प्राप्त पेशागत ज्ञान सीपलाई शिक्षण सिकाइमा प्रयोग गरेमा राम्रो कार्य सम्पादन गर्नेलाई पुरस्कृत गरेमा शिक्षकमा उत्साह र जाँगर उत्पन्न भई टिपिडी तालिम प्रभावकारी हुन्छ ।

टिपिडी तालिममा देखापरेका समस्याहरुको सन्दर्भमा सोधिएको प्रश्नमा शिक्षक प्रस्तुत गर्नुहुन्छ

सवै शिक्षकहरू समेट्ने गरी प्याकेज बनाउने, तालिम समय अवधि बढाउने भत्ताको पर्याप्त गराउने । कार्यसम्पादनको अनुगमन र निरीक्षण गरेमा राम्रो कार्य गर्नेलाई पुरस्कृति गरेमा विषयगत प्याकेज तयार गरेमा शिक्षकको सुझाव र प्रतिक्रियालाई तालिम दिने पक्षबाट राम्ररी मनन् गरेमा तालिमको प्रभावकारीता बढान सकिन्छ ।

टिपिडी तालिममा देखापरेका समस्याहरुको सन्दर्भमा सोधिएको प्रश्नमा वाल मा.वि.का शिक्षक प्रस्तुत गर्नुहुन्छ

यसलाई समयको माग अनुरुप आधुनिक शैक्षिक सामग्रीको प्रयोग गर्नु उपयुक्त छ । शिक्षकको पेशागत सीप र ज्ञानको विकास गराउन आधुनिक विधि र प्रविधिको प्रयोग गर्नु, शिक्षणलाई व्यवहारिक ज्ञानको विकास गर्ने कार्यको रुपमा विकास गर्नु, राम्रो कार्यसम्पादन गर्नेलाई पुरस्कार प्रदान गरेमा तालिम प्रभावकारी हुन्छ ।

टिपिडी तालिममा देखापरेका समस्याहरुको सन्दर्भमा सोधिएको प्रश्नमा अर्का शिक्षक प्रस्तुत गर्नुहुन्छ

तालिमको अवधि केही लामो हुनुपर्छ । सवै विषयका शिक्षकलाई समेट्ने किसिमको प्याकेज वनाइनुपर्छ । विद्यालयमा निरीक्षण अनुगमन हुनुपर्छ । विषयगत समस्या समाधान गरेमा भत्ताको ठाउ र समयअनुसार वृद्धि गरेमा अनुगमन र सुपरिवेक्षण गरेमा राम्रो पृष्ठपोषण प्रदान गरेमा शिक्षकको पेशागत विकास बारे फराकिलो दृष्टिकोण राखेमा तालिम प्रभावकारी हुन्छ ।

टिपिडी तालिममा देखापरेका समस्याहरुको सन्दर्भमा सोधिएको प्रश्नमा जनता नि.मा.वि.का शिक्षक प्रस्तुत गर्नुहुन्छ

अभ्यास सहितको शिक्षण कार्य, सिकाइमा ज्ञान, सीप र प्रविधिको प्रयोग, गृहकार्यपरीक्षण गर्ने । विभिन्न विधि र प्रविधिको प्रयोग गरेमा समय केहि लामो बनाएमा प्रभावकारी अनुगमन गरेमा पेशागत सीप र ज्ञानको विकासका लागि सन्दर्भ स्रोतसामग्री प्रयोग गरेमा टिपिडी तालिम प्रभावकारी हुन्छ ।

टिपिडी तालिममा देखापरेका समस्याहरुको सन्दर्भमा सोधिएको प्रश्नमा अर्का शिक्षक प्रस्तुत गर्नुहुन्छ

शिक्षण पेशालाई मर्यादित र समय सापेक्ष बनाउन शिक्षक पनि आधुनिक प्रविधियुक्त हुनुपर्छ । वार्षिक रुपमा पूनर्ताजगी तालिम दिनुपर्छ । कार्य सम्पादनको सहि मूल्याङ्कन गर्नु पर्छ । अनुगमन र निरीक्षणलाई नियमित गर्नु पर्दछ । आवश्यक पृष्ठपोषण प्रदान गर्नु पर्छ । शिक्षकको पेशागतज्ञान सीपको विकास हुने विधि र प्रविधिको प्रयोग गरेमा तालिम प्रभावकारी हुन्छ ।

टिपिडी तालिममा देखापरेका समस्याहरुको सन्दर्भमा सोधिएको प्रश्नमा सूर्योदय प्रा. वि.का शिक्षक प्रस्तुत गर्नुहुन्छ

विषयगत तालिम दिनुपर्ने र भत्ता केही मात्रामा बढाउनु पर्ने । समय केही लामो बनाउनु पर्ने, भत्ताको समयानुकूल वृद्धि गर्नु पर्ने, अनुगमन प्रभावकारी बनाएमा प्रशिक्षक सहजकर्ताकोरुपमा उपस्थित भएमा तालिममा सिकेका कुराहरूलाई कक्षाकोठामा प्रयोग गर्ने वातावरण भएमा तालिम प्रभावकारी हुन्छ ।

टिपिडी तालिममा देखापरेका समस्याहरुको सन्दर्भमा सोधिएको प्रश्नमा अर्का शिक्षक प्रस्तुत गर्नुहुन्छ

तालिम लिइसकेपछि अनुगमन प्रभावकारी रुपमा गर्दा राम्रो हुने थियो । तालिमको समय लामो हुनुपर्ने, नियमित अनुगमन गर्नु पर्ने, आधुनिक विधि र प्रविधिको प्रयोग गर्नु पर्ने, सिकाइमा उपलब्ध वातावरण सिर्जना गरेमा, शिक्षकलाई पेशाप्रति गौरव गर्न सक्ने वातावरण सिर्जना गरेमा टिपिडी तालिम प्रभावकारी हुन्छ ।

टिपिडी तालिमको प्रभावकारीता सम्बन्धमा लक्षित समुहसँग छलफल गर्दा सबै शिक्षकलाई समेट्ने गरी प्याकेज तयार  गर्नु, तालिमलाई अझै व्यवहारिक र प्रयोगात्मक बनाउनु, तालिमको समयावधि बढाउनु, नियमित अनुगमन र निरीक्षण गर्नु, भत्ताको केहि वृद्धि गर्नु, राम्रो गर्ने शिक्षकलाई पुरस्कृत गरेमा टिपिडी तालिमको प्रभावकारीता बढ्छ ।

## ४.६ प्राप्ति तथा सारांश

### ४.६.१ प्राप्ति

अध्ययन क्षेत्रका विद्यालयहरू मध्ये २०७१ अषाढ सम्मा जनसेवा उ.मा.वि.का ३८ जना शिक्षकमध्ये २२ जनाले टि.पि.डि.तालिम पूरा गरिसकेका छन भने वाल मा.वि. १२ जना मध्ये ७ जनाले टि.पि.डि.पूरा गरी सकेको जनता नि.मा.विका ९ जना मध्ये ७ जना र सूर्योदय प्रा.वि.का

५जना मध्ये ४ जनाले ४० जनाले मात्र तालिम लिएको देखिन्छ । जुन ६२% जति देखिन आउछ । टिपिडी तालिमले पेशागत ज्ञान, सीपको विकास गर्ने ज्ञानको पुनर्ताजगी गर्ने, नयाँ विधि र प्रविधिको प्रयोग गर्न सहयोग गर्ने भएकाले टिपिडी तालिम प्रति शिक्षकको दृष्टिकोण सकारात्मक पाइयो ।

टिपिडी तालिम अन्य तालिम भन्दा उत्कृष्ट तालिम भएकाले शैक्षिक योजनाको निर्माणमा सहयोग गर्ने भएकाले बालकेन्द्रित शिक्षण विधिको प्रयोग गर्न, शैक्षिक गुणस्तर वृद्धि गर्न शैक्षिक देखि लिएर सामाजिक समस्या समाधान गर्न सहयोग गर्ने भएकाले यस तालिमको आवश्यक छ ।

टिपिडी तालिममा समय कम हुनु, सुपरिवेक्षण प्रभावकारी नहुनु, शैक्षिक सामग्रीको अभाव, पूर्ण रुपमा प्याकेज तयार नहुनु, शिक्षकको मनोविज्ञान नबुझ्नु, कार्यसम्पादनको सहि मूल्याङ्कन नहुनु, यस तालिमका समस्याहरु हुन् ।

टिपिडी तालिम समस्या र विषय केन्द्रित भए अनुगमन प्रभावकारी भए शिक्षकको मनोविज्ञान बुझेर तालिम सञ्चालन गरे शैक्षिक सामग्रीको आवश्यकता पूरा गरे माग अनुसारको प्याकेज तयार गरी तालिम सञ्चालन गरेमा टिपिडी तालिम प्रभावकारी हुने देखिन्छ ।

### ४.६.२ सारांश

टिपिडी तालिम शिक्षकको पेशागत ज्ञान, सीप र क्षमताको विकासको महत्वपूर्ण पक्ष हो । यसले शिक्षकको ज्ञान, सीप र क्षमताको विकास गरी शैक्षिक, सामाजिक र अन्य समस्या समाधान गर्न सहयोग गर्ने भएकोले यस तालिम प्रति सबै शिक्षकको दृष्टिकोण सकारात्मक पाइयो । आजको विज्ञान र प्रविधिको युगमा पेशाप्रति जिम्मेवार भई आफूमा रहेको ज्ञान र सीपलाई सहजरुपमा विद्यार्थीसम्म पुऱ्याउन टिपिडीको आवश्यकता परेको हो । तर तालिमलाई औपचारिकतामा सञ्चालन गर्न प्रभावकारी अनुगमन निरीक्षण नहुनु, पृष्ठपोषण नदिनु यसको समस्या पाइयो भने प्रशिक्षक, प्रशिक्षकको रुपमा नभई सहजकर्ताको रुपमा उपस्थित भएमा पृष्ठपोषण दिएमा विद्यालयको वातावरण तालिममा सिकेका कुरा प्रयोग गर्ने वातावरण भएमा टिपिडी तालिम प्रभावकारी हुने देखिन्छ ।

# परिच्छेद पाँच : निष्कर्ष र सुझावहरू

## ५.१ निष्कर्ष

शैक्षिक वर्ष २०६७ देखि टिपिडी तालिम लागु भएकोले शैक्षिक सत्र २०७१सम्ममापरिसीमित गरिएको विद्यालयका शिक्षकहरू मध्ये ६२% ले सो तालिम पूरा गरेको देखिन्छ। यो तालिम चरण चरणमा हुने भएकाले पुनर्ताजगीमा सहयोग पुऱ्याएको छ। टिपिडी तालिमको कार्यान्वयनको क्रममा दैनिक पाठ योजना तयारी परियोजना कार्य, शिक्षण विधि, शैक्षिक सामग्री निर्माण र औपचारिक तथा अनौपचारिक मूल्याङ्कन पद्धति सम्बन्धमा व्यापक छलफल र अभ्यास भएको हुनाले टिपिडी तालिम लिने शिक्षकले त्यसलाई अनुसरण गरेको पाइयो। टिपिडी तालिमका वेलामा शिक्षण सुधार योजना निर्माण र त्यसलाई प्र.अ. कक्ष तथा कक्षाकोठामा टाँस गर्ने सम्बन्धमा व्यापक छलफल भए पनि त्यसको निरन्तर अनुगमन, निरिक्षण गर्ने संयन्त्र निर्माण गर्न नसकिएकाले कार्यान्वयनको पक्ष फितलो भएको पाइयो। खास प्याकेज तयार नभई तालिम सञ्चालनहुनु, समय कम हुनु, तालिममा सिकेका ज्ञान, सीपलाई कक्षाकोठामा प्रयोग गर्ने वातावरण नहुनु, पर्याप्त शैक्षिक सामग्री नहुनु, टिपिडी तालिमको समस्या हुन् ।तालिमबाट प्राप्त ज्ञान र सीपलाई शिक्षण व्यवहारमा लागु गर्ने क्रममा देखिएका समस्याहरूमा विद्यालयमा विद्यमान भौतिक साधन स्रोत र स्थानिय शैक्षिक सामग्रीलाई अधिकतम उपयोग गर्ने परिपाटीको अभाव रहेको देखिन्छ। त्यस्तै टिपिडी प्रभावकारी बनाउन पेशागत ज्ञान, सीपलाई कक्षाकोठामा प्रयोग गर्ने वातावरणको सिर्जना गर्ने, समय केही लामो बनाउने, भत्ताको वृद्धि गर्ने, निरीक्षण अनुगमन गर्ने र पृष्ठपोषण दिने, र राम्रो गर्ने लाई पुरष्कृत गर्ने कार्य गरेमा टिपिडी तालिम प्रभावकारी हुन्छ।

## ५.२ सुझावहरू

प्राप्ती र निष्कर्षको आधारमा टिपिडि तालिमलाई प्रभावकारी बनाउन निम्न लिखित सुझाव प्रस्तुत गरिएको छ।

### नीतिगत तहका लागि सुझावहरू

क) विद्यालयको भौतिक व्यवस्थापन पक्षलाई सुदृढ बनाउन विभिन्न सङ्घ संस्थासँग सहयोग लिनु पर्छ।

ख) प्र.अ. तथा शिक्षकलाई भौतिक व्यवस्थापनसँग सम्बन्धित तालिम दिनुपर्छ।

ग) सवै शिक्षकलाई अनिवार्य रुपमा तालिम लिनुपर्ने व्यवस्था गर्नुपर्छ ।

घ) तालिमको समय बढाउनु पर्छ ।

ङ) प्याकेजको निर्माण गर्नुपर्छ ।

च) प्रत्येक शिक्षकलाई शैक्षिक योग्यता वृद्धि गराउने तर्फ विशेष योजना निर्माण गरी कार्यान्ववयन गराउनु पर्छ ।

छ) विद्यालयमा आधारभूत शैक्षिक सामग्रीको आवश्यकता प्रष्ट्याउन सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्छ ।

ज) शिक्षक योग्यता वृद्धि गर्न, विद्यालयले योजना निर्माण गरी कार्यान्वयन गर्नु पर्छ ।

**अभ्यास तहका लागि सुझाव**

क) टिपिडी तालिमबाट प्राप्त गरेका कक्षा व्यवस्थापन शिक्षणको लागि पूर्वतयारी गर्नु पर्ने देखिन्छ ।

ग) शिक्षण सिकाइ क्रियाकलाप शैक्षिक सामग्री र सङ्कलन गर्नु पर्ने देखिन्छ ।

घ) मूल्याङ्कन पद्धति ज्ञान र सीपलाई वास्तविक शिक्षण व्यावहारमा लागु गर्न देखा पर्ने व्यवधानहरूको पहिचान गरी निदानको लागि उचित निकास खोजिनु पर्छ ।

ङ) विद्यालयमा अनुगमनर निरिक्षण संयन्त्रण विकास गरी त्यसलाई कडाइका साथ लागु गरिनुपर्छ ।

च) विद्यार्थीको उपलब्धी स्तर कमजोर देखिएकोले शिक्षकलाई तालिम लिन प्रोत्साहित गर्नुपर्छ ।

छ) कक्षाकोठाको सिकाइमा आएको समस्या समाधान गर्न बिच बिचमा पृष्ठपोषण दिनुपर्छ ।

ज) प्रशिक्षण विज्ञको रुपमा नभइ सहजकर्ताको रुपमा उपस्थित हुनुपर्छ ।

**अनुसन्धान तहका लागि सुझाव**

क) यसले अरु अनुसन्धान कर्ताका लागि टि.पि.डि.तालिम प्रति शिक्षकको दृष्टिकोण पत्ता लगाई अनुसन्धान गर्न सहयोग गर्छ ।

ख) यसले टि.पि.डि.तालिम को प्रभावकारीताको अध्ययन गरी कार्यान्वयनको पक्षको अवलोकन गर्न सहयोग गर्छ ।

ग) यसले टिपिडी तालिमको आवश्यकता र समस्या पत्ता लगाई त्यसको कार्यान्वयन गर्न सहयोग गर्छ ।

घ) शिक्षण सिकाइमा आउने समस्यालाई समाधान गर्न नयाँ नयाँ विधि र प्रविधिको प्रयोग गर्न सहयोग गर्छ ।

## सन्दर्भ सामग्री


अधिकारी, बिष्णुप्रसाद (२०७०/०७१) *माध्यमिक शिक्षक बढुवा दिग्दर्शन,* आशिषबुक हाउस प्रा. लि., बागबजार, काठमाण्डौ ।

श्रेष्ठ, चन्द्रबहादुर र अन्य (२०६६), *शैक्षिक मनोविज्ञन,* भूँडीपुराण प्रकाशन, बागबजार काठमाण्डौ ।

श्रेष्ठ, हर्कप्रसाद (२०६६), *शिक्षकको पेसागत विकास नीति,* सानोठिमी भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र ।

ढकाल,माधवप्रसाद र अन्य (२०६७), *शिक्षाका आधारहरू,* रत्न पुस्तक भण्डार, काठमाण्डौ ।

रेग्मी,मुरारीप्रसाद र अन्य (२०६३), *कक्षाकोठामा मनोविज्ञान* : न्यू हिराबुक्स इन्टरप्राइजेज,

लामिछाने, बिण्णुराज (२०६८) *मोरङ्ग जिल्लाको दादरवैरिया श्रोतकेन्द्रका विद्‍यालयमा शिक्षकको पेसागत विकास तालिम कार्यक्रमको प्रभावकारीता,* एक अध्ययन, शोधपत्र त्रि.वि.वि.

शिक्षा मन्त्रालय (२०७०) *शिक्षकको पेशागत विकास (टिपिडी) कार्यक्रम प्रशिक्षक प्रशिक्षण निर्देशिका,* सानोठिमी, भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र ।

शिक्षा मन्त्रालय (२०६६), *शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका,* सानोठिमी, भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र ।

शिक्षा विभाग (२०७०), *शिक्षा पाठ्यपुस्तक कक्षा- १०,* सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

*शिक्षा ऐन २०२८ तथा शिक्षा नियमवली २०५९ (छैठौं संसोधन २०६९),* बौद्धिक दर्पण प्रकाशन, काठमाण्डौ ।

सुनुवार, योन्देन (२०७०), *शिक्षक मासिक : फागुन, वर्ष ६ पूर्णाङ्क ७१,* ज्ञानविज्ञन शैक्षिक सहकारी संस्था लिमिटेड, जवालाखेल ललितपुर ।

सिन्हा, रामस्वरुप (२०६६), *शिक्षक तालिम वा जिवन पर्यन्त पेसागत विकास,* सानोठिमी भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र ।

# अनुसूची १
# टिपिडी तालिमका लागि शिक्षकका लागि प्रश्नहरू

शिक्षकको नाम :

विद्यालय :

१. तपाईले टिपिडी तालिम लिनु भएको छ ?

२. टि.आइ.पी. निर्माण गर्नु भएको छ ?

३. टिपिडी तालिम अनुसार शिक्षण गर्नु भएको छ ?

४. टिपिडी तालिमले शिक्षकको पेशागत विकास गरेको छ ?

५. कक्षाकोठामा टिपिडीको प्रयोग गर्न प्र.अ.ले सहयोग गर्नु भएको छ ?

६. टिपिडीले समस्या समाधानमा सहयोग पु¥याएको छ ?

७. टिपिडी तालिम प्रति तपाइको दृष्टिकोण के छ ?

८. टिपिडी तालिमको किन आवश्यकता छ ?

९. टिपिडी तालिमका समस्याहरू के के हुन् ?

१०. टिपिडी तालिमलाई प्रभावकारी बनाउने उपायहरू के के हुन् ?

# अनुसूची २

## टिपिडी तालिमका लागि प्र.अ. लागि प्रश्नहरू

प्र.अ.को नाम :

विद्यालय :

१. तपाईले टिपिडी तालिम लिनु भएको छ ?

२. टि.आइ.पी. निर्माण गर्नु भएको छ ?

३. शिक्षकले टिपिडी तालिम लिइ सकेपछि शैक्षिक क्रियाकलापमा सुधार पाउनु भएको छ कि छैन ?

४. शिक्षकलाई टिपिडी तालिमको प्रयोगमा सहयोग गर्नु भएको छ ?

५. टिपिडीले पेशागत सीप र दक्षतामा सहयोग पुऱ्याएको छ ?

६. टिपिडीले समस्या समाधानमा सहयोग पुऱ्याएको छ ?

७. टिपिडी तालिम प्रति तपाइको दृष्टिकोण के छ ?

८. टिपिडी तालिमको किन आवश्यकता छ ?

९. टिपिडी तालिमका समस्याहरू के के हुन् ?

१०. टिपिडी तालिमलाई प्रभावकारी बनाउने उपायहरू के के हुन् ?

# अनुसूची ३

## लक्षित समुहको लागि प्रश्नहरू

१. टिपिडी तालिम प्रति तपाइको दृष्टिकोण के छ ?

२. टिपिडी तालिमको किन आवश्यकता छ ?

३. टिपिडी तालिमका समस्याहरू के के हुन् ?

४. टिपिडी तालिमलाई प्रभावकारी बनाउने उपायहरू के के हुन् ?

# अनुसूची ४

## टिपिडी तालिम प्रति शिक्षकको दृष्टिकोण सम्बन्धी तथ्याङ्कको सङ्कलनमा परिसीमित गरिएको जनसङ्ख्या (प्र.अ. तथा शिक्षक)

| | | |
|---|---|---|
| १. प्र.अ. | दामोदर सिग्देल | जनसेवा उ.मा.वि. रमाइलो |
| २. प्र.अ. | रमेश प्रसाद साह | बाल मा.वि. हरकपुर |
| ३. " | रमेश राउत | जनता निमा.वि. वयरवन |
| ४. " | गंगाराम अधिकारी | सुर्योदय प्रा.वि. रमाइलो |

**शिक्षकहरू**

| | |
|---|---|
| १. विष्णुप्रसाद ओभ्मा | जनसेवा उ.मा.वि. रमाइलो |
| २. नारायण प्रसाद दाहाल | " |
| ३. योगेन्द्र दाहाल | बाल मा.वि. हरकपुर |
| ४. भवानी सुब्बा | " |
| ५. रमेश गिरी | जनता नि.मा.वि. वयरवन |
| ६. सभाष राजवंशी | " |
| ७. एकराज अधिकारी | सुर्योदय प्रा.वि. रमाइलो |
| ८. युगेश्वर महतो | " |